## परिचय

**नाम** : तेजविलास
**जन्मस्थान** : इच्छाकामना-३, चितवन
**मातापिता** : उमा/मधुविलास
**जीवनसङ्गिनी** : भगवती अर्याल



tejkamere@gmail.com

'उत्प्रेक्षण'मा समासामयिक राजनीतिक परिवेश तथा अवस्थाप्रतिको यथार्थपरक, विसङ्गति, बेथितिप्रतिको तिक्तता र वितृष्णासहितको गतिलो, चोटिलो, घोचिलो र व्यङ्ग्यात्मक शैलीमा प्रहार गर्दै सबै तहका नेताहरू सच्चिन र सुध्रिनका निमित्त सान्दर्भिक सुझावसहितको मर्मस्पर्शी र सरल शब्दको चयन गर्दै नेतृत्व तहको गलत क्रियाकलाप वा कार्यशैलीको वर्तमान अवस्थालाई सिलसिलेवार र स्पष्ट तवरले पाठकसामु परिष्कृत लेखनशैलीमा प्रस्तुत गरिएको छ। नवीनतम सोच पस्कन सफल अनि एउटा लोभलाग्दो आशाको दियोका रूपमा उदियमान युवा लेखक आदरणीय दाजु श्री तेजविलास अधिकारीज्यूको यो नयाँ कृति मजस्तै करोडौं पाठकको ढुकढुकी र प्रेरणाको स्रोत बन्न सफल हुने छ भन्ने पूर्ण आशाका साथ भविष्यमा पनि यस्तै परिष्कृत र व्यावहारिक शैलीका कोसेलीका चाङहरूको अपेक्षा गर्दछु। राष्ट्रप्रतिको माया अनि जल, जमिन, जङ्गल, जनता र जस्टिस न्यायप्रतिको संवेदनशीलताप्रति उच्च सम्मानसहित यहाँको यो नयाँ कृतिको सफलताको शुभकामना !

**सावित्री गुरुङ**
**इच्छाकामना-४, चितवन**

साहित्यमा भावना र आक्रोशले ठाउँ पाइ नै हाल्छ। मुक्तक, कविता, हाइकुलगायतका कृतिहरूले देशको समग्र परिस्थितिको प्रतिनिधित्व गर्दै समयलाई पछ्याउँछ। 'उत्प्रेक्षण' नेपाली सत्ता संरचनाको दृश्यावलोकन, विद्यमान राजनीतिक विकृति, विसङ्गतिप्रति निर्मम प्रहार गर्दै मार्क्स र विपीका विचारहरूको सङ्क्षेपीकरण, सङ्घर्ष, बलिदानको मूल्य, उत्पीडित, दलित, महिलाहरूको न्यायका खातिर आवाज बुलन्द गरिएको कृति हो। कवि तेजविलासका शब्दवाणले वर्गविरोधीहरूका कान खुल्ने निश्चित छ।

**रणबहादुर बि.क.**
**सम्पादक/प्रकाशक (पचाल झरना मासिक), कालिकोट**

देशमा मौलाउँदै गएको भ्रष्टाचार, बेथिति, चाकरीवाद अनि विकृत राजनीतिका विरुद्ध शब्द शब्दको माध्यमबाट चोटिलो प्रहार गर्न सफल यस कृतिले विकृति र विसङ्गतिबाट आजित आमनेपालीको प्रतिनिधि आवाजका रूपमा जन्म लिएको छ। प्रस्तुत "उत्प्रेक्षण" नामक मुक्तकसङ्ग्रह हरेक देशभक्त नागरिकका निम्ति अत्यन्तै महत्त्वपूर्ण ठहरिने विश्वास व्यक्त गर्दछु। यति महत्त्वपूर्ण कृतिमा आफ्ना दुई शब्द समावेश गर्न पाउँदा आफैँलाई गौरवान्वित ठान्दै प्रस्तुत कृति एवम् साहित्यकारको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**रामचन्द्र अर्याल**
**आदर्श क्याम्पस, गजुरी, धादिङ**

---


**सम्पर्क** : ९८४६११२५८० (**कृष्णप्रसाद पोखरेल**)
९८४१५२५८१४ (**भगवती अर्याल**)

ISBN 978-9937-1-1204-8

उत्प्रेक्षण (मुक्तक सङ्ग्रह)
तेजविलास

# उत्प्रेक्षण

## तेजविलास



# उत्प्रेक्षण

मुक्तकसङ्ग्रह

तेजविलास

| | | |
|---|---|---|
| कृति | : | उत्प्रेक्षण |
| विधा | : | मुक्तक |
| लेखक | : | तेजविलास |
| प्रकाशक | : | भगवती अर्याल |
| प्रकाशन | : | २०८०, साउन |
| प्रकाशन प्रति | : | १००१ |
| सर्वाधिकार © | : | लेखकमा |
| आवरण कला | : | देवेन्द्र थुम्केली |
| लेखक फोटो | : | त्रिविक्रम ढकाल |
| कम्प्युटर सेटिङ | : | रवीन्द्र जङ्ग कार्की |
| मूल्य | : | रु.१५०/- |
| ISBN | : | 978-9937-1-1204-8 |
| मुद्रण | : | श्री कोटगढी प्रिन्टिङ प्रेस<br>पुतलीसडक, सम्पर्क: ९८६१३६७७९१ |


---

**Utpreksha**

*by*

**Tejbilash**

## सादर समर्पण

- देशका निम्ति प्राण आहुति गर्नुहुने सहिदहरूमा
- देशको अवस्था बदल्न निरन्तर लाग्ने जुधारु युवाहरूमा

# सचेत लेखनमा निरन्तरताको आभास 'उत्प्रेक्षण'

**– रामचन्द्र फुयाल**

मुक्तक कविताको एउटा लघुतम आयाम हो । यसलाई मौलिक र सङ्क्षिप्त रूपमा परिचय गराउनुपर्दा 'छन्दको बन्धनमा नबाँधिई पनि सिर्जना गर्न सकिने र स्वयम्मा पूर्ण श्लोक' भनेर उल्लेख गर्न सकिन्छ । कविताका धेरै लामा आयाम मानिने महाकाव्यदेखि वर्तमानमा नेपाली साहित्यमा अति सूक्ष्म संरचनायुक्त भनेर 'एक लाइन कविता' लाई प्रयोगका रूपमा दाबी गर्ने कार्यसमेत भइरहेको देखिन्छ । यस मामलामा मुक्तक भने विगत धेरै अगाडिदेखि नै अर्थात् संस्कृत काव्यशास्त्रको शास्त्रीय मान्यताको चरणमै काव्यको एउटा प्रकार वा स्वरूपका रूपमा स्थापित भइसकेको थियो । मुक्तकको आकारलाई निरूपण गर्ने सन्दर्भमा पनि केही सीमित मतान्तरबाहेक चतुष्पद अर्थात् चार पङ्क्तिलाई नै यसको सङ्गठन हो भन्ने निचोड भेट्न सकिन्छ । शास्त्रीय परम्परामा मुक्तकको सन्दर्भ कविता वा काव्य विधामै चर्चा हुन्छ । त्यसैले कला र भाषाको उचित र सुसङ्गठित संयोजनबाट मात्र मुक्तकको सिर्जना हुने मान्यता रहेको छ । त्यति मात्र होइन, यसको परिभाषा र तत्त्वसमेत काव्य विधाअन्तर्गत नै गरिन्छ ।

वर्तमान समय भनेको मानिस निकै व्यस्त रहेको छु भन्ने भान गर्ने युग हो । विभिन्न कारणहरूले गर्दा मानिसमा फुर्सदको वा समयको अभाव नै रहेको देखिन्छ । विगतमा मानिसहरू ठुला ठुला किताबका ठेलीहरू पढ्ने, घन्टौँ लामा चलचित्र र नाटकहरू हेर्ने गर्दथे । अहिले मानिस त्यसका लागि आफूलाई फुर्सदिलो ठान्दैन र त्यस्तामा उसको रुचि पनि रहेको देखिँदैन । सामाजिक सञ्जालको बन्धनभित्र जकडिँदै गरेको

वर्तमान युगमा मानिसहरू केही मिनेट वा सेकेन्डको दृश्य हेर्न वा केही पङ्क्तिहरू वा एकै पङ्क्ति मात्र पढ्न र बुझ्न चाहन्छन् । त्यसकारण अन्य कतिपय क्षेत्र र विषयहरूमा जस्तै साहित्य पठन संस्कृतिका क्षेत्रमा लामा र ठुला आयातनका रचनाहरूभन्दा साना र छोटा सिर्जनामा पाठकीय अभिरुचि खुम्चिएको छ । सोहीअनुकूल साहित्यका विभिन्न विधाहरूमा सङ्क्षिप्त आयामका रचनाहरूको विकास गरिएको र रुचाइएको पाइन्छ । यसै सन्दर्भमा मुक्तक पनि समयको माग हो भन्ने अधिकांश समीक्षकहरूको मत रहेको छ ।

सर्जक तेजविलासले पनि यस्तै सामयिक रुचिको काव्यसिर्जनापथमा आफूलाई फेरि उभ्याएका छन् । हाइकुजस्ता छोटा आयामका रचनाहरूको सङ्ग्रह प्रकाशन गरी संरचनागत आयामले हाइकुदेखि नजिक रहेको विधा मुक्तक सिर्जना गरी एउटा राम्रो परिणामका रूपमा नयाँ कृति दिन उनी सफल भएका छन् । अध्ययन, अध्यापन, पठन, लेखन र अन्य वैचारिक नेतृत्वका गतिविधिमा निरन्तर संलग्न र अनुभवी व्यक्तिले गर्ने काम कस्तो हुन्छ र हुनुपर्छ भन्ने कुरा सहज र पूर्वानुमानयोग्य विषय पनि हो । यस मामलामा आफूलाई जिम्मेवार बनाउने र सामाजिक दायरामा आफ्नो उपस्थितिको दायित्वलाई समेत महसुस गर्ने कर्म लेखकबाट भएको हो भन्ने म ठानिरहेको छु । त्यस प्रकारको जिम्मेवारी महसुस गरेर नै उनले हाम्रा सामु प्रस्तुत कृति पस्केका हुन् । एकातिर एउटा लेखकको मस्तिष्कले पर्गेलेको समय र समाजको प्रतिविम्बन एउटा उपलब्धि हो भने अर्कातिर नेपाली मुक्तकका क्षेत्रमा एउटा नयाँ कृति प्रस्तुत गर्नु आफैँमा एउटा महत्त्वपूर्ण साहित्यिक योगदान पनि हो ।

प्रथमतः लेखकले सामयिक समयको प्रतिविम्बनका रूपमा यसलाई पस्केका हुन् भन्ने सङ्गृहीत मुक्तकहरूले प्रस्ट पार्दछन् । व्यक्ति मानव अति नै विचलित हुँदै गएको छ । उसका दैनन्दिन व्यवहार र सोचमा अनि चिन्तनहरूमा समेत खिया लाग्दै गएको र कुमार्गतर्फ अग्रसर भइसकेको तर्फ मुक्तकहरू लक्षित छन् । समाजका अगुवाहरू भ्रस्ट छन् । आफूलाई

ठुला भन्ने र भनाउनेहरू जुनसुकै कृत्य गर्न बेसरम छन् भन्ने भावहरूका केन्द्रीयतामा उनको कलम अगाडि बढेको छ। सरल, स्वस्फूर्त, स्वच्छन्द लेखन उनको परिचय बनेको छ। कसैलाई मिथ्या प्रशंसा गर्ने, खुसामद गर्ने जस्ता प्रवृत्तिहरूलाई त्यागेर मुक्तककार अगाडि बढेका देखिन्छन्। आफूलाई लागेका कुराहरूको प्रस्तुति गर्ने क्रममा संयोजन पक्षमा धेरै विलम्ब नगरी खुरुखुरु वस्तुसम्प्रेषणमा केन्द्रित हुँदै अगाडि लम्केका छन्। यसरी हेर्दा लेखकको लेखकीय इमानदारीमा शङ्का गर्ने ठाउँ छैन।

यी मुक्तकहरूमा तेजविलासले आफूले भन्न खोजेका कुराहरू प्रस्टसँग राखेका छन्। दायाँबायाँ, अगाडि पछाडिका चौतर्फी सेरोफेरोका सतहमा तैरिरहेका विषयहरूमा आफूलाई बेफिक्री प्रस्तुत गरिरहेका छन्। राष्ट्रनिर्माणको नारा र गतिविधिबिचका दरार देखेर सर्जक बेखुसी छन्। जनवर्गले स्वीकार गर्नै नसक्ने समस्याले उनलाई असहिष्णु बनाउन खोजिरहेको छ। यस्तै यस्तै बग्रेल्ती समस्या, झिना आशा र कर्मशीलताप्रतिको विश्वासमा लेखकको मियो अडिएको छ। विभिन्न प्रसङ्गमा आफूलाई सन्तुलित बनाउँदै लेखिएका थुप्रै प्रसङ्ग समेट्ने अधिकांश मुक्तकहरू चोटिला नै छन्।

कृतिभित्र पसेर हेर्दा सर्जक अधिकारी सामयिक तथा जनजीवनहरूमा महत्त्व राख्ने विभिन्न विषयहरूमा फैलिएर प्रस्तुत भएका छन्। हामीमा बढ्दै गएको विकृतिको असीमितता र त्यसमा रहेका समस्याहरूलाई खोतल्नेतर्फ नै मुक्तकहरू केन्द्रित छन्। भुईंमान्छेहरूको मूल्यहीनताको संस्कृति निर्माण गर्दै मगन्ते प्रवृत्ति प्रस्तुत गर्नेहरूलाई लेखकको प्रहार यस्तो छ :

आफ्नै माटोमा अन्न उब्जाउनेलाई सम्मान छैन
भन्छन् नेपालीको आफ्नै गौरव मान छैन
मागेर चलाउन छाड घरखर्च अनि केही होला
कसरी बन्छन् घरबुना आज यहाँ एउटै तान छैन।

त्यस्तै; न्यायालयले पीडित तथा सेवाग्राहीहरूलाई उचित किसिमले न्याय सम्प्रेषण गर्न नसकेको, राष्ट्रमा हत्या, हिंसा र आतङ्क बढेको लगायतका विषयहरूलाई समेटेर नेपालको पछिल्लो राज्यव्यवस्थाका रूपमा रहेको गणतन्त्र नै उपहासको विषय बनेको निष्कर्ष यसरी प्रस्तुत गरेका छन् :

फैसला बेलामा छैन अदालत भन्छन्
गौशालामै हत्या छ धर्मशाला भन्छन्
के भो है यस्तो देशको गतिविधि छि !
गणकै संरक्षण छैन ती गणतन्त्र भन्छन् ।

काव्यमा व्यङ्ग्य पनि सुन्दर हुन्छ । त्यसको अर्कै मिठास हुन्छ । व्यङ्ग्यका कतिपय झिल्काहरू यी मुक्तकहरूमा पनि छन् । यस कृतिका आफ्ना मुक्तकहरूमा लेखकले विषय र भावको चोटिलोपनलाई धारिलो बनाउनका लागि व्यङ्ग्यको प्रयोग गरेका हुन् भन्न सकिन्छ । तिनैमध्येको बिस्तारै टाढिँदै गएको चिनारुसँगको गुनासोमार्फत ठालु प्रवृत्तिमाथि गरिएको व्यङ्ग्यको एउटा नमुना :

जाल हान्न पनि सिप चाहिन्छ
भेट हुन पनि त समीप चाहिन्छ
धेरै परको दुरीमा छौ तिमी
भनेको बेला कहाँ दर्शन पाइन्छ ।

ख्याल ख्यालमै जनजीविकाका गहिरा समस्याहरूलाई धेरैओटा मुक्तकहरूले प्रस्तुत गरेका छन् । भ्रष्टाचारले पूरै खोक्रो भएको र अन्तर्राष्ट्रिय जगत्मा समेत लाजमर्दो बनेको नेपाली अवस्था तथा डमाडोल बनेको नेपाली अर्थतन्त्रप्रति लेखक सरोकार राख्छन् । गरिबीले एक छाक खान नपाएकाहरूको दाउरिएको र जर्जर शारीरिक अवस्थाको चित्रले निर्लज्जहरूलाई सचेत गराउन खोजिएको हो भन्न सकिन्छ :

विकास बजेटमा घोटाला छ
सग्लो व्यक्तित्व अब टाला छ

अर्थतन्त्र यति बिग्रिएको छ कि
लाखौँको सारङ्गी पेट, खपटे गाला छ ।

नेतावर्गप्रति लेखक अलि निर्मम बनेका छन्, धेरै ठाउँमा । जाथाभावी बोल्दै हिँड्ने, काम केही पनि नगर्ने र पत्तासाफको बाटोतर्फ लागिरहेको नेताले जनताको हदै अवमूल्यन गरेको ठान्छन् उनी । अवस्थाको जटिलता हेर्दा अब राष्ट्रिय अस्मितासमेत नेताहरूबाट खतरामा रहेको अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन् ः

उत्ताउलिएर बोल्यो हिजो सेखी झर्छ अब
राजनीति सकिन लाग्यो के व्यापार गर्छ अब
कति सस्तो बनाए जनता जनार्दनलाई हेर !
आफैँलाई पार लगाउन देश बिक्री गर्छ अब ।

सर्जक कसैको पक्षपाती हुनु उचित होइन । सबैलाई बराबरी दुरीबाट हेर्न सक्नुपर्छ । मुक्तककार तेजविलास पनि यहाँ एकोहोरो गुनासो र प्रहार मात्र गर्दैनन् । विभिन्न पक्षहरूप्रति समभावको दृष्टि राख्न चाहन्छन् । आफ्नो मुक्तकका यी पङ्क्तिहरूमार्फत उनी केवल नेताहरूलाई दोष दिनु मात्र उचित नभएको ठान्दै जनताहरू पनि इमानदार हुनुपर्ने र आफ्नो कर्तव्य गर्नुपर्ने बुझाउन चाहन्छन् ः

प्रतिनिधिलाई आफ्नो समस्या भन
सम्मान गर अहङ्कारी पनि नबन
तिम्रो जीवनमा नीतिले परिवर्तन गरे
यो हाम्रो वा त्यो अर्काको पनि नभन ।

मुक्तकमा कलात्मक लेखन र मिठा भाव जगाउन पनि प्रयासहरू गरिएका पाइन्छन् । खास गरी विभिन्न किसिमका अनुप्रासीयताहरूको प्रयोग गरिएको छ, जस्तै ः

छापामा अक्षर छाप्नेहरू पनि व्यापारी बने
पापामा विष घोल्नेहरू पनि व्यापारी बने

केही गर्छु भन्दा पनि अवसर छैन युवालाई
नेता नेता के भन्नु, नेता नै ठुला व्यापारी बने ।

आमाको माया बजारमा नखोज
आमाको माया हजारमा नजोख
जतातत्तै माया नै माया हुन् आमा
सक्छौ आमाको सेवा मात्र रोज ।

उपर्युक्त उदाहरणहरूमा प्रारम्भिक, अन्त्य र पङ्क्ति अनुप्रासीयताको प्रयोग भएको छ । शब्द र वर्णको अनुप्रास पनि देखिन्छ । यो एउटा दृष्टान्त मात्र हो । यस्ता प्रयोग प्रशस्तै छन् ।

लेखकीय बाहिर्दृष्टिकोण मात्र नभई स्वयम्प्रतिको समीक्षणीय दृष्टि पनि राखेका छन् । आफूलाई फर्केर हेर्नु र समीक्षा गर्नु पनि एउटा महत्त्वपूर्ण र असजिलो काम हो । बाहिरी विषयहरूको चर्चा र टिप्पणी गर्नु सजिलो छ तर आफूमै फर्केर समीचीन दृष्टिकोण प्रस्तुत गर्नु अलि कठिन पनि हुन्छ । धेरै खरो अभिव्यक्ति प्रस्तुत गर्न नचाहे पनि लेखक आफ्ना बारेमा चिन्तन गर्दै आफ्नो कर्मको जनकारी निम्नानुसार गराउँछन् :

जाली अरूलाई देख्छु म
जालीलाई गाली लेख्छु म
मलाई पनि देख्दा हुन् जाली
मन तौलेर पाइला टेक्छु म ।

साथसाथै आफ्नो स्वभाव र लेखकीय स्वचिन्तनको अति सरल प्रस्तुतीकरण यसरी भएको छ :

मन छैन ठुटे नेता बन्न
सपना छ मनभित्र टन्न
बरु लेख्छु बसेर केही शब्द
सक्दिनँ चोरलाई नेता भन्न ।

उपर्युक्त उदाहरणहरूले मुक्तककार तेजविलासका मुक्तकहरूका वस्तुचयन र भावसम्प्रेषणको शैलीलाई सङ्केत गर्दछन् । आफूले दैनिक भोग्दै गरेका र आफ्ना अगाडि देखिन पुगेका विषयवस्तुलाई उनले टपक्क टिप्दै निरन्तर लेखनमा संलग्न भइरहेका छन् भन्ने यिनले प्रस्ट पारिरहेका छन् । एउटा सर्जकका रूपमा उभिँदा प्राप्त हुने विभिन्न सकारात्मक गुणहरूका बाबजुद मुक्तककारले मेहनत गर्नुपर्ने ठाउँहरू पनि थुप्रै रहेका छन् । मुक्तकको बान्की, विषयवस्तुका तहहरू, काव्यात्मक भाषा, सुललित शैलीको स्तरलाई अझै उच्च बनाउने कामहरू लेखकका आगामी कृतिहरूमा पाठकीय हिसाबले अपेक्षित कुराहरू हुन सक्छन् भन्ने लाग्छ ।

यस मुक्तक कृतिको उपर्युक्त विश्लेषण तथा मुक्तक कृति दुवैमा आधारित रही कवि अधिकारीको सर्जकीयतालाई निम्नानुसार बुँदागत रूपमा सङ्क्षिप्त निरूपण गर्न सकिन्छ :

(**क**) **सामान्यताभित्र विशेष अभिव्यक्ति; नपत्याउँदा सिर्जनाहरू–** साहित्यको गरिमा कला र भाव दुवैमा हुन्छ । दुवै कुरा आवश्यक रहने भइसकेपछि कुनचाहिँ महत्त्वपूर्ण हो भनेर विवाद गरिरहनु उचित हुँदैन । भाव आन्तरिक पक्ष अर्थात् आत्मा हो भने कला बाह्य आवरण अर्थात् शरीर हो । मानिसको जीवन्तताका लागि जसरी बाह्य स्वरूप र आन्तरिक पक्षको सम्मिलन/संयोजनको आवश्यकता पर्दछ त्यसरी नै काव्य वा सिर्जनाहरूमा भाव र कलाको संयोजन चाहिन्छ । मुक्तककार तेजविलासका यस सङ्ग्रहमा रहेका मुक्तक रचनाहरूलाई पनि सोहीअनुकूल हेर्ने र विश्लेषण गर्ने हो भने मात्र यी रचनाहरूको उचित मूल्याङ्कन हुन सक्छ । यसरी पर्गेल्दा मुक्तककार तेजिवलासको यस सङ्ग्रहका मुक्तकहरूका प्रथम र मुख्य विशेषता भनेकै सामान्यताभित्र विशेष अभिव्यक्ति पस्कन सक्नु हो । हेर्दाखेरि सामान्य लाग्ने खालका अभिव्यक्तिजस्ता देखिने तर त्यसभित्र विशेष र घतलाग्दा कुराहरूको प्रस्तुतीकरण यसमा रहेको छ ।

यस सङ्ग्रहका मुक्तकहरूका भावहरू सुन्दर छन् । संवेदनशील छन् । यी रचनाहरूले सम्प्रेषण गरेका भावहरूका कलालाई लेखकले सहजता र

सामान्यतामै स्वतन्त्र छोडिदिन रुचाएका छन् । परिष्कारका चपेटाहरूमा नपरी अन्तर चेतनाहरूका चिन्तनहरूले स्वच्छन्दतावादी लेखन धारलाई समाएको आभास हुन्छ । सर्जकीय हुटहुटी र परिवेशगत यथार्थको सम्मोहन यी रचनाहरूमा पाइन्छन् । स्थापित लेखकीय गुणवत्ताको चाहानाका चस्माबाट मात्र हेर्नेहरूका लागि यसप्रकारको सर्जकीय परिणाम नजँच्न नसक्ला । अर्थात् सबैमा देवकोटा सम पारिजातका रङ्गको जलप खोज्न चाहने प्रवृत्तिभन्दा पनि समय बिन्दुको सत्य खोतल्ने इमानदारीपूर्ण लेखनको समीक्षा गरिनु उपयुक्त हो भन्ने मैले ठानेको छु । यसलाई आँखाले र आग्रहरहित अन्तर्यले हेर्दा नपत्याउँदा किसिमका जुनकिरी उज्यालोको सुन्दर झिलिक झिलिकले सन्तोष दिलाएको छ । यस प्राप्तिले लेखकीय क्रियाशीलतालाई पनि अगाडि बढिरहोस्, आगामी दिनमा अझै केही दिइरहोस् भन्ने अपेक्षासमेत राख्दछ ।

(ख) **पीडित वर्गका आवाजहरूको सम्प्रेषणमा अडिग–** सामयिक चरण विचारको पूर्ण परित्याग भएको अनि अनियमितता, पथभ्रष्टता र अन्योलले खुबै गाँजेको समय पनि हो । नेतृत्व र चेतना निर्माण गर्ने तह नै एक प्रकारले दिग्भ्रमित रहेको यस्तो सङ्गीन परिवेशमा उठ्दै र छलफल गरिँदै आएका चिन्तनहरू सेलाएका छन् । तिनको आशा मारिँदै छन् । मृत अवस्थामा पुगिसकेका पनि छन् । यस्तो परिस्थितिमा एउटा यात्रामा लम्किरहेको यात्री कुनै एउटा सामल हातमा लिएर लमक लमक आफ्नो निर्धारित गन्तव्यमा हिँडिरहेको छ । ऊ बेपर्वाह छ । उसले अरूका विभिन्न चाहाना र आग्रह युक्त टिप्पणीहरूको कुनै वास्ता राखेको छैन । उसको त्यो सामल भनेकै अहिले अरूद्वारा अपभ्रंशित बनाउन खोजिएको वर्गीय चिन्तनको आवाज हो । खास, त्यसको पक्षपोषण नै हो ।

वर्गीय उन्मुक्तिको नारा बोक्नेहरूले उक्त नाराको प्रयोग आफ्नै कायपलट गर्नका लागि मात्र गरे । अहिले विगतमा जस्तो “यिनीहरू पथभ्रष्ट भए” भनेर मात्र हुने वाला छैन । कित्ता र बाटो मोडिइसकेको, गन्तव्य परिवर्तन भइसकेको र समाज तथा राष्ट्र जर्जर भइसकेको हुनाले धेरै नै सचेत रहनुपर्ने अवस्था बनिसकेको छ । जेसुकैलाई पनि सही भन्न नसक्नेहरू

थोरै मात्र छन् । यसै यथार्थको धरातललाई टेकेर हेर्दा मुक्तकहरूका विषयवस्तुगत चासो एकातिर सदाबहार समस्याका रूपमा रहेको, जनजीवनको परिवर्तनको सवाल र अर्कातिर विश्वास गरिएका नेतृत्वको भ्रष्ट तथा ढोंगी चरित्रप्रतिको विमति प्रदर्शित छ । लेखकको आक्रोश यसैमा धेरै छ । फाइदाका लागि लाग्नेहरू र आफ्नो हित मात्र साँध्नेहरूलाई पनि सचेत गराउने आवाज मुखरित छ ।

(ग) **व्यावहारिक र सामयिक यथार्थको अभिव्यक्ति–** साहित्यले सैद्धान्तिक र व्यावहारिक कुन पाटोलाई अगाडि सार्दा प्रभावकारी हुन्छ ? भन्ने प्रश्न सोचनीय हो भन्ने लाग्छ । दुवैको चर्चा र प्रयोग त निरन्तर भइरहेकै छन् तर यसको यथोचित र सन्तुलित समीक्षा हुनुपर्छ भन्ने लाग्छ । समाजको वास्तविक अवस्था र त्यसको सापेक्षमा यस्ता कुराहरूले अर्थ राख्दछन् । नेपाली समाज दर्शन र सिद्धान्तहरूको बृहत्तर विश्लेषण गर्ने भन्दा पनि सानातिना लाग्ने तर महत्त्वपूर्ण दैनिकीका समस्याहरूतिरै फस्दै गइरहेको छ । यस सन्दर्भमा प्रस्तुत सङ्ग्रहका मुक्तकहरूले सैद्धान्तिक बहसबाजीभन्दा सामयिक व्यावहारिक चित्रण गर्नमा अग्रसर रहेको देखिन्छ । ज्ञान तथा दर्शनहरूले के भन्छन् भनेर विभिन्न वाद र मूल्य मान्यताहरूको प्रस्तुतीकरण भन्दा अलि अलग रही क्षण क्षणका भोगाइ, सानासाना व्यवहार चित्रण र गतिविधिबाट प्रयोगात्मक पद्धतिद्वारा खोजी गरिएझैं व्यावहारिक सत्यको प्रस्तुति गरिएको छ । के गर्नुपर्ने हो, के भइरहेको छ, त्रुटि कहाँनिर छ, कस्ता समस्याहरू पेचिला बनिरहेका छन् र सुधारिनुपर्ने बिन्दु कहाँ हो भन्ने जस्ता कुराहरूको जबाफ दिन मुक्तककार अग्रसर भएका देखिन्छन् ।

हिजोका दिनमा सबैले मिठा कुरा गरे । सपनाहरू देखाए । धेरै लामो समय परिवर्तनका लागि मानिसहरूले सङ्घर्ष गरे । यी सबै जसो कुराहरू विगतमा साहित्यले उतार्‍यो । अबको दिन त्यस कालखण्डबाट अगाडि बढिसक्यो । अहिलेको सरोकार विगतका जनताले देखेको सपना र चाहाना पूरा हुनुको साटो असीम धोकाधडीका घटनाहरू पो हुन थाले । यहाँ, त्यसो किन भयो भन्ने आवाजलाई वहन गर्नु लेखकीय उद्देश्य रहेको छ । सामन्तहरूको विघटनपछि क्रान्तिकारी मानिएकाहरूको चरित्र नै नव

सामन्तमा रूपान्तरण भएका कुरालाई पृष्ठभूमि मानेर जसरी "तिमी किन त्यसो गर्छौ ? अब त्यसो नगर । जे गरिरहेका छौँ त्यो धोका हो र इतिहासले तिमीलाई छुट दिँदैन" भन्ने आशयमा अभिव्यक्ति आएका छन् भन्ने अनुमान गर्न सकिन्छ । कतै-कतै आशामाथिको निराशाका अभिव्यक्तिहरू आएका भए पनि परिस्थितिको मूल्याङ्कन जनस्तरबाट भइरहेको सङ्केतलाई अति सरल किसिमले व्यक्त गरिएको छ । यस कृतिका अधिकांश मुक्तकहरू सामयिक व्यावहारिक पक्षसँग गाँसिएका छन् ।

(घ) **विषयवस्तुगत विविधताको आयाम फराकिलो-** मुक्तकको संरचना सानो हुन्छ । एउटा सङ्ग्रहमा धेरैओटा मुक्तकहरू रहेका हुन्छन् । यस सङ्ग्रहमा पनि करिब सवा दुई सय मुक्तकहरू सङ्गृहीत छन् । तिनमा लेखकीय दृष्टिले विविध विषयवस्तुका आयामहरूलाई स्मरण गर्न सकेको देखिन्छ । मूल प्रसङ्ग सामयिक परिवेश र नेपाली सामाजिक राजनीतिक सेरोफेरोमै भए तापनि मानवीय स्वभाव र चरित्रहरूको चित्रण, सकारात्मक तथा नकारात्मक घटना परिघटनाहरूको चर्चा, आममानवीय कमजोरीसमेतलाई फरक फरक मुक्तकहरूमा दृष्टान्तहरूको समेत प्रयोग गरी प्रस्फुटन गरिएको छ । विशेष के छ भने आफूलाई पनि बेलाबेला फर्केर हेर्ने र आफ्ना पनि स्वभाव र चरित्रको विश्लेषण गर्ने काम यदाकदा लेखकबाट भएको छ । "कस्तो विगत थियो ? के भनिएको थियो ? के हुनुपर्ने थियो ? र के भइरहेको छ ?" भन्ने सवालहरू नै यसमा प्रबल रूपमा देखिने हुनाले कम्तीमा पनि त्यसकै सापेक्षमा चर्चा गर्नुपर्ने हुन्छ । यस्ता प्रसङ्गहरूभित्रका पनि विभिन्न अङ्गहरूलाई लेखकको दृष्टिले पक्रन सफल भएको छ ।

व्यक्तिजीवन, राष्ट्रिय सवालका प्रश्नहरू, फरक धारका प्रवृत्तिहरू, समधारका दोषहरू, मित्रहरू, बागीहरू सबैलाई समेट्न सकेको देखिन्छ । खराबीलाई मात्र दोषी बनाउने नजरले हेर्ने मात्र नभई राम्रा र उचित कुराहरूको समर्थन दृष्टि रहनुले सन्तुलित प्रस्तुतीकरण यी मुक्तकहरूमा रहेको छ ।

(ङ) **लेखनमा निरन्तरता–** मैले मुक्तककार/कवि तेजविलासका प्रस्तुत मुक्तक सङ्ग्रहलाई लेखन निरन्तरताको एउटा अर्को प्रयासका रूपमा पनि एउटा उल्लेख्य सन्दर्भ मानेको छु । हुन त समय सधैँ एकैनास रहिरहन्न । समयक्रममा बदलावहरू आइरहन्छन् । अहिले लेखन र प्रकाशन सुस्ताएको कालखण्ड पनि हो । साहित्यिक र वैचारिक कार्यक्रमहरू अलि सीमित हुँदै गएको समय पनि हो । तर महत् कार्यहरू कहिल्यै पनि तिरस्कृत हुँदैनन् । यस्तो समयमा मुक्तककारको प्रयास सराहनीय कुरा हो । हालसम्म लेखकका साहित्यिक र गैरसाहित्यिक गरी १८ ओटा कृतिहरू प्रकाशित भइसकेका छन् । उनी निरन्तर साधनामा रहेका र लेखन प्रकाशनको शृङ्खला जारी नै रहेको देखिन्छ । यसले निरन्तर साहित्य कर्ममा लेखको संलग्नता रहेको प्रस्ट पार्दछ ।

(**च**) **स्व–रूपान्तरणमा विश्वास र तटस्थ रही आलोचना गर्न सक्षम–** सर्जक अधिकारीको पूरा दुई दशकदेखिका निरन्तर लेखन, प्रकाशन र वैचारिक अभिव्यक्तिका साथै सामाजिक संलग्नताभित्रका बहुआयामिक भूमिकालाई राम्ररी नियाल्दा उनीमा आफूप्रतिका आलोचनाहरूलाई स्वीकार गर्ने र आफूलाई रूपान्तरण गर्न कोसिस गर्ने प्रवृत्ति पाइन्छ । मेरो बुझाइमा थोरै मानिसमा मात्र पाइने यो प्रवृत्तिले उनलाई परिपक्व र जिम्मेवार बनाउँदै लगेको देखिन्छ । कवि/मुक्तककार अधिकारीको त्यस्तो गुण र चेत यी मुक्तकहरूमा तरङ्गित छन् ।

निष्कर्षमा उल्लेख गर्नुपर्दा, कलाका हिसाबले काव्यिक उचाइको खुड्किलो चढ्ने ठाउँ रहेको हुन सक्ला तर उद्देश्य र भावमा लेखक स्पष्ट रहेका देखिन्छन् । प्रस्तुत सिर्जनाको शक्ति यही हो भन्ने मैले ठानेको छु अनि यही नै एउटा तटस्थ प्रवृत्तिको लेखकको तटस्थ मूल्याङ्कन हुन सक्ला । सर्जक तेजविलासलाई सिर्जनामा निरन्तरता र आगामी कृतिहरूका लागि पनि मेरो असीमित शुभकामना !

••••••••••••••••

**– खगेश्वर सापकोटा**

चितवन जिल्लाको इच्छाकामना गाउँपालिका वडा नं.३ स्थायी ठेगाना भएका जागिरे जीवनका रूपमा प्राध्यापन पेसामा संलग्न भएका नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि क्याम्पसका उपप्राध्यापक तेजविलास आफ्नो जागिरमा मात्रै सीमित नभई केही बचेखुचेको समयलाई साहित्यका क्षेत्रमा लगाउन प्रयत्नरत साहित्यिक व्यक्तित्व हुन् । आजसम्म उनले करिब एक दर्जनजति साहित्यिक कृतिहरू नेपाली साहित्यलाई दिइसकेका छन् । नियमित रूपमा पत्रपत्रिकाहरूमा उनका लेख एवम् रचनाहरू प्रकाशित भइरहेका छन् ।

वर्तमान पुस्ताका कवि तेजविलासले पञ्चायती शासन भोगे, पञ्चायती शासनको अन्त्यका लागि पञ्चायतविरुद्ध कालो झन्डा बोक्दै मुट्ठीहरू उठाउँदै बहुदलका पक्षमा आवाज उठाए । ३० बर्से पञ्चायती शासनको अन्त्य भयो र बहुदलको आगमन भयो । राजाले दलहरूमाथि मात्र प्रतिबन्ध लगाएका थिए । दलीय स्वतन्त्रता नभए पनि राजाले विकास निर्माणमा कहिल्यै प्रतिबन्ध लगाएनन् । राजाको शासनकालमा वा पञ्चायती शासनकालमा राजाले देश र जनताको हितका लागि भनेर पूर्व मेचीदेखि पश्चिम महाकाली र उत्तर हिमालदेखि तराईको सम्म फाँटसम्म विभिन्न किसिमका स्थानीय सामग्री खपत हुने उद्योग र कलकारखानाहरू खोलेका थिए । राजाको शासनकालमा ती उद्योगहरू कहिल्यै पनि घाटामा गएनन् । राजाले देश र जनताको स्तर उन्नतिका लागि यी उद्योग र कलकारखानाहरू जसरी पनि सञ्चालन गरेका थिए । पञ्चायती शासनको अन्त्य र बहुदलको आगमनसँगै ती उद्योगहरू भकाभक बेचिन थाले । कतिपय उद्योग त टाट नै पल्टिएर सदाका लागि

बन्द नै भए भन्ने कुरालाई कविले मुक्तकमा समेत व्यक्त गरेका छन् । आज बहुदल हुँदै लोकतन्त्र र गणतन्त्रसम्म आइपुग्दा हाकाहाकी सरकारमा रहेका र राष्ट्रसेवक कर्मचारीहरूले खुलेआम भ्रष्टाचार गरेका कुरा पत्रपत्रिका, रेडियो, टिभीजस्ता सञ्चारका माध्यमहरूबाट सुन्न, हेर्न र पढ्न पाइने कुरालाई कविले इङ्गित गरेका छन् । यसो भनिरहँदा वा राजाका पालामा विकास भएको थियो भन्दा उनी राजा समर्थक र गणतन्त्र विरोधी होइनन् उनले त खाली प्रवृत्तिको भन्डाफोर गर्ने काम गरेका हुन् र राम्रो कामको समर्थन गरेका हुन् ।

राजाको एकतन्त्रीय पञ्चायती शासन ढलेर बहुदल आएको करिब पाँच वर्षसम्म पनि बहुदलीय व्यवस्थाले देश र जनतामा केही सुधारको चाहाना राख्न नसकेको देशमा फेरि अर्को क्रान्तिको सुरुआत भयो । जुन क्रान्ति २०५२ साल फागुत १ गतेबाट गोरखा, रोल्पा, रुकुम, सल्यान र सिन्धुलीबाट छिटपुट रूपमा भएको क्रान्तिको झिल्काले अन्ततः नेपालका मात्रै नभई विश्वलाई नै एक पटक हल्लाउन पुग्यो र धेरै देशहरू सोचमग्न हुन पुगे जुन आन्दोलन १० वर्षसम्म चल्यो । यस १० बर्से जनयुद्धमा लेखक पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सरिक हुन पुगे । शान्ति वार्ता भइसकेपछि संविधान सभाको चुनाव भयो । यति बेलासम्म पनि विभिन्न राजनीतिक दलहरू र राजाले केही गर्न नसकेपछि अन्य पार्टीका कार्यकर्ताहरूले पनि २०६४ सालको चुनावमा माओवादीलाई निकै नै सहयोग गरे । १० वर्षसम्म जनयुद्ध लडेको पार्टी र जनताको भरोसाको केन्द्रविन्दु मानिएको पार्टीले पक्कै पनि केही गर्न सक्छ र गर्छ भन्ने हेतुले मै हुँ भन्ने वर्गीय दुस्मनहरूले पनि धेरै ठाउँबाट नेकपा माओवादीलाई अत्यधिक मतले विजय गराउन सफल भए । नेकपा माओवादी दुई तीन पटक सत्तामा रहेर पनि देश र जनताका लागि अपेक्षित कार्यहरू गर्न सकेन । नेकपा माओवादीले मात्रै नभई कुनै पनि पार्टीले केही गर्न सकेनन् । बहुमत ल्याउन नसकेपछि कुनै न कुनै पार्टीसँग टाँसिएर सरकार बनाउनुपर्दा एकअर्काको खुट्टा तान्ने प्रवृत्तिले गर्दा आज देशको अवस्था हिजोको भन्दा झन् नाजुक हुँदै गइरहेको छ ।

चुनावको समयमा र सभा सम्मेलनमा सुन्दर, शान्त र समृद्ध देश बनाउँछौँ भन्नेहरूले कुनै प्रशंसा गर्नलायक कामहरू गरेको पाइएको छैन । बौद्धिक वर्गहरू लाखौँका सङ्ख्यामा विकसित मुलुकहरूमा गाँस, बास, कपास र रोजगारीको खोजीमा बिदेसिएका छन् । अर्का केही थरी मानिसहरू आफ्ना बुढा भएका बाबुआमा, दुधेबालक र श्रीमतीलाई छोडेर बिहान/बेलुकीको छाक टार्न सकिन्छ कि भनेर खाडी मुलुकमा होमिएका छन् । त्यति मात्र नभई छिमेकी देश भारतमा पनि त्यति नै नेपालीहरू आज दरबान, कुल्ली, मजदुरीजस्तो दुःखको काम गरेर बचेको पैसाले गाँस, बास, कपास र ज्वरो आएको समयमा सिटामोलको जोहो गर्न आफ्नो जीवन नै उतै व्यतीत गरिरहेका छन् । यी कुराहरूप्रति राज्यको जिम्मेवार व्यक्तिहरूले कुनै पनि चासो नदेखाएको तितो यथार्थलाई कविले आफ्ना मुक्तकका हरफहरूमा व्यक्त गरेका छन् ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको देश भनेर विश्वमा चिनिए पनि आज प्राकृतिक स्रोत र साधनलाई सदुपयोग गर्न नसक्दा आज हामी विदेशीको गुलाम बन्न पुगेका छौँ । एक जना चिनियाँ प्राध्यापकले भन्नुभएको कुरा मलाई यो लेख लेख्दा झल्यास्स याद आयो, “नेपालीहरू आफ्नो गुजारा चलाउनका लागि सुनको कचौरा लिएर माग्न बसेका छन् ।” यो भनाइले के पुष्टि गर्दछ भने हामीसँग स्रोत र साधन भएर पनि त्यसलाई सदुपयोग गर्न सकेका छैनौँ । केवल हाम्रो देशका नेता भनाउँदाहरू र सरकारमा रहेका मानिसहरू नै हातखुट्टा र दिमाग धेरै चलाउनुपर्ने ठाउँमा गरिबको चुल्होमा साउन भदौमा पाक्दै गरेको मकैको च्याख्लाको भात फत्केको झैँ केवल आफ्नो मुख मात्रै चलाएका छन् । स्रोत र साधनलाई कसरी सदुपयोग गर्ने र गराउने भन्ने तर्फ उनीहरूको ध्यान गएको छैन । अर्कातर्फ बौद्धिक वर्गसँग हाम्रो देशमा भएका प्राकृतिक स्रोत र साधनको उत्खनन गर्ने र त्यसलाई कसरी प्रयोग गर्ने र त्यसबाट कसरी आर्थिक लाभ लिन सकिन्छ भन्ने योजना छैन । दिनानु दिन हजारौँका सङ्ख्यामा नेपालीहरू विदेश पलायन भएको अवस्थालाई कविले मुक्तकका हरफहरूमा व्यक्त गरेका छन् ।

कविले कृषिप्रधान देशमा खेतबारी बाँझै रहेको र फलफूल, तरकारी, अन्न, तेल छिमेकी मुलुकबाट ल्याउनुपरेको देशमा भएका कृषियोग्य उर्वर भूमि प्रशस्त रहेको र जलस्रोतको धनी देश भए पनि खानेपानी र सिँचाइ सुविधाको राम्रो प्रबन्ध नभएकाले गर्दा देशको अर्थतन्त्र मजबुत नभएको र कृषिप्रधान देश भए पनि आफ्नै देशमा उत्पादित फलफूल, तरकारी र अन्नले आधा वर्ष पनि नधान्ने कुरा कविले यस मुक्तक सङ्ग्रहमा व्यक्त गरेका छन् ।

"जहाँ पुग्दैनन् रवि त्यही पुग्छन् कवि" भनेझैँ कविले देशमा भइरहेको आर्थिक, सामाजिक, न्यायिक, प्रशासनिक र राजनीतिक क्षेत्रमा जे जस्ता विसङ्गतिहरू देखे, भोगे र अनुभव गरे तिनै कुराहरूलाई उनले आफ्नो मुक्तक सङ्ग्रहमा व्यक्त गरेका छन् ।

तेजविलास समालोचक हुन्, समीक्षक हुन्, निबन्धकार हुन्, हाइकुकार हुन् र विशेष गरेर कविका रूपमा स्थापित व्यक्तित्व हुन् । उनका मुक्तकहरूमा खरो भाषाको प्रयोग भएको छ भने गाउँमै बोलिने ठेट शब्दहरूको प्रयोग भएको छ । कुनै कुनै मुक्तकका भाषामा उचित लालित्यपन नपाइँदा पाठकलाई खल्लो महसुस पनि हुन सक्छ । कविले आफ्नो असन्तुष्टि अलि खरो रूपमा प्रकट गर्न खोज्दा यस्तो भएको छ । विधागत रूपमा अपनाउनुपर्ने संयमता र प्रस्तुतिको लय आगामी दिनमा अझै मिलाउँदै जानुपर्ने देखिन्छ । मुक्तककार तेजविलासको यस सङ्ग्रहभित्रका मुक्तकले समकालीन समाजको दृश्यलाई शब्दचित्रमा उतारेको पाइन्छ ।

गोरखा

चाकरी गरेर लिन्छन् बधाई दे भन्छन्
कार्यसम्पादन छैन कसरी अब्बल बन्छन्
राजनीतिलाई मात्र दोषी देख्ने जन्डिसे आँखा
असललाई राजनीतिमा जोडिन नै हुँदैन भन्छन् ।

१

म पनि उस्तै छु गाली नसहने
नेताजस्तै क्या ताली नसहने
योग्यता नपुग्ने पदाधिकारी छ
आयुक्त नै छ सत्य कृत्य नभेटाउने ।

२

जय गाऊ अब गाली गर्नेहरू
गई खाऊ अब नारा लाउनेहरू
भोज भतेर खुल्यो सत्तामा पुगेपछि
बाटो तताऊ अब निवर्तमान हुनेहरू ।

३

खास्टो ओढाइदिनेसँग नमुस्कुराऊ
माला लगाइदिनेसँग बहुत डराऊ
मर्यादा भुलेर पहिले पद विपद्मा पऱ्यो
सुविधा राज्यको चाहिन्न भनेर अह्राऊ ।

४

लर्को छ बधाई दिनेहरूको निवासमा
जनतालाई मतबल छैन राम वा सुवासमा
बिरालो मुसा मार्ने होइन यो अर्कै खाले पो
ढङ्ग पुगेकाले नै हो पर्ने विवादमा ।

५

योजना बताउँछन् चुनाव जित्छन्
बल प्रयोग गरी न्याय मिच्छन्
शक्तिको आडमा रमाउनेहरू नि !
पाएपछि अलकत्रा पनि घिच्छन् ।

६

चोटिलो कुरा गर्थ्यो पोटिलो भएछ
सडकमा थियो सदन र क्याबिनेट गएछ
खाली घरघडेरीको कुरा मात्र गऱ्यो
सर्वहारा त हेर्दा–हेर्दै करोडपति बनेछ ।

७

आफ्नै यात्रामा रमाउनु काइदा
कुरा काट्नुभन्दा सुन्नु फाइदा
यसले जित्यो र उसले हाऱ्यो भन्छन्
जित्नेले हारेको नदेखेकै काइदा ।

८

कि पैसा हातमा हुनुपर्छ
कि कानुन हातमा हुनुपर्छ
कि पैसाले कि पदले न्याय बोल्दा
सामान्यबाहेक जेलमा कसलाई थुन्छ ?

९

प्राध्यापक भएपछि पढाउनै नपर्ने
प्राज्ञ भएपछि केही लेख्नै नपर्ने
माननीय भएकालाई कानुन लाग्दैन रे
किन मुद्दा दिएको बेकार सोच्नु नपर्ने ?

१०

चुनौति अरूसित छैन छैन छैन क्या छैन
आफ्नै मनभित्र चयन छैन छैन क्या छैन
पाइनँ, दिएनन्, भन्ने मात्र दिमागमा बोकेर
एकअर्कोमा विश्वास छैन छैन क्या छैन ।

११

म पुग्छु अनि तिमीलाई बोलाउँछु भनेर गयो
उता गएपछि झुप्रोको पनि दरबारिया भयो
चुनाव पनि एउटा वर्ग उत्पादनको मेला हो
पख न एक खेप एउटा घर बनाउँछु भनेर गयो ।

१२

जल थल प्रदूषित छ के गर्ने हो
कन्सर्ट मात्र भन्छन् के गर्ने हो
कोदो गहुँ फापर सबै किनेरै खाने
'कृषि प्रधान' नारा खै अब के गर्ने हो ।

१३

बाटो टुप्पोमा पुग्दा माथि बस्ती छैन
मानौं देवीदेवतालाई पनि मस्ती छैन
जन झरेछन् महानगर, नगरमा सबै
डढेलोबाट जोगाउने शक्ति छैन ।

१४

वस्तुले चेतना निर्माण गर्छ
शक्तिले सत्वको हरण गर्छ
पद त्यो आवधिक हो थाहा छ
पद-पद भन्दा-भन्दै मान्छे मर्छ ।

१५

विषयान्तर गर्न सक्ने नेता कहलियो
नबुझ्नेको मान्छे पनि विज्ञ ठहरियो
रिस गरेर हुन्छ त कवि तैंले कसैको
केवल तेरो सफा मन मात्र पूरै मैलियो ।

१६

प्रज्ञा सकिएपछि प्राज्ञ हुनुपर्ने
मानवता लुट्ने माननीय हुनुपर्ने
धन नै निर्णायक बनेको बेला यहाँ
सबै सबै पीडा नहुनेले नै बेहोर्नुपर्ने ।

१७

माफिया मस्किन्छ दिक्क लागेर आउँछ
'खुफिया' नेता भेट्छ दिक्क लागेर आउँछ
सोच्ने दिमाग बलिया हात जहाज चढ्छन्
नीति नै ठिक छैन दिक्क लागेर आउँछ ।

१८

कति दिन भो समृद्धि आइनन्
बिरामी आमाले औषधि पाइनन्
नआउने समृद्धि कति बोलाएको होला
सायद समृद्धिले आउने बाटै पाइनन् ।

१९

अहिले नै नबोलौँ बुझेर बोलौँ कि
मनको कुरा नखोलौँ पग्लेर खोलौँ कि
मुखले जे पनि भनिदिने चलनै बस्यो
भित्र अर्कै चिज छ बाहिर दुरुस्त बोलौँ कि !

२०

रमाइलो मान्न थालियो हिजोआज प्रगति अरूले गर्दा
के खाने के लाउने केले धान्ने हो थाहा छैन पर्दा
अर्काका लागि मात्र सुन्दर देश यो त केवल ?
एक पैसा पत्याउने आफन्त फेला पर्दैन अप्ठ्यारो पर्दा ।

२१

नेता हुन त नीति बनाउन सक्ने हुनुपर्‍यो नि !
नीति के हो त देश बुझ्न सक्ने दिमाग हुनुपर्‍यो नि !
सुखी नेपाली बनाउने भन्छन् भोट दिए पुग्छ भन्छन्
भुसतिघ्रेंहरूलाई त काममा लगाउनुपर्‍यो नि !

२२

जालझेल शिरोमणिहरू अदालत छिर्छन्
झोकाहरू पार्टीभित्र बसेर दैनन्दिन पिर्छन्
समृद्धि त घोकेको नारा न हो जसले भने नि
अर्बौं भ्रष्टाचार गर्नेले खर्बौं ऋण कसरी तिर्छन् ?

२३

अर्काको कुरा काटेरै दिन बित्छ हाम्रो
राम्रो काम गरे पो व्यक्तित्व राम्रो
रातदिन बधाई अर्कैलाई दिएर बस्ने हामी
कसरी हुन्छ उन्नति अनि विकास हाम्रो ?

२४

लालुपातेले राम्रो छु कहिल्यै भन्दैन
गुलाफले सुगन्ध छर्छु कहिल्यै भन्दैन
फूल निमोठी दिन्छन् राम्रो देख्नेहरू
अर्कालाई दुःख दिने महान् बन्दैन ।

२५

नयाँ पसलेले कमायो यसपालि पनि
पुराना साहुहरू जिल्लिए यसपालि पनि
सस्ता माल नै धेरै बिक्री हुने रहेछन्
झिलिमिली मात्र देखायो यसपालि पनि ।

२६

मान्छे रिसाउँछन् भनेर बोलेको छैन
सात पत्र पिर छन् तथापि खोलेको छैन
भोट मगन्तेहरूलाई भोट दिइयो
"भोट किन ?" भनी जोखिम मोलेको छैन ।

२७

दुई पैसाको मान्छे होइन चिन्ता छैन
कसैको पनि मान्छे भइएन चिन्ता छैन
अलिकता परसम्म हेर्न पाए हुन्थ्यो
साँझ बिहान मिठो खाने चिन्ता छैन ।

२८

अवसर धेरै छन् समात्न सके
यात्रा सुदीर्घ छ यात्रामा तगे
तातै खाऊँ भन्ने बानी नगरे
केही होला सामूहिक स्वार्थमा बगे ।

२९

आगोसँग बच अर्थात् सदुपयोग गर
पानीसँग बच अर्थात् सदुपयोग गर
जीवन आगो र पानीको यात्रा हो आखिर
जीवन महत्त्वपूर्ण छ समुचित प्रयोग गर ।

३०

कृषिप्रधान देशमा किसान छैन
के कुरा गर्नु नेपाली सान छैन
वीरता र शूरताको कथा हाल्छन्
खै ! कतै बौद्धिकताको मान छैन ।

३१

आमाको माया बजारमा नखोज
आमाको माया हजारमा नजोख
जताततै माया नै माया हुन् आमा
सक्छौ आमाको सेवा मात्र रोज ।

३२

कतै हाँसो छाएको छ
कतै पीडा गाएको छ
मान्छे भन्छ ठिक छ ठिक
अन्तरमा धोका पाएको छ ।

३३

अन्तरघात बेहोरेर बाँचेको हो
अर्काको लात खाएर बाँचेको हो
लाग्छ जिन्दगी यस्तै यस्तै हुँदै
अर्काका लागि बाँचेको त हो ।

३४

अहिले हाँस्न सक्ने स्थिति छैन
जनता बाँच्न सक्ने स्थिति छैन
महङ्गी, रोग, शोक व्याप्त छ
माया साँच्न सक्ने स्थिति छैन ।

३५

भाषणमा गाली चाहिएन
मुस्कुराऊ ताली चाहिएन
हितका निम्ति हो देशको
नक्कली माली चाहिएन ।

३६

चारित्र अनेक छन् चिनेर राख
चाहिन्छ सामग्री केही किनेर राख
आफन्त पराई वर्गले बनाउँछ
सङ्घर्षको डोब हिनेर राख ।

३७

जाली अरूलाई देख्छु म
जालीलाई गाली लेख्छु म
मलाई पनि देख्दा हुन् जाली
मन तौलेर पाइला टेक्छु म ।

३८

आफूले आफैँलाई हेर्दै छु म
मनको केही तरङ्ग कोर्दै छु म
के के हो के के चाहनाहरू त
रुचिलाई समयमा फेर्दै छु म ।

३९

व्यक्तिगत इच्छा राजनीति होइन
सामूहिक स्वार्थ त व्यर्थ होइन
लगन, विश्वास र निरन्तरता भए
पद, सेवा सुविधा केही पनि होइन ।

४०

वसन्त आउने होइन ल्याउनुपर्‍यो
समानता नारामा होइन देखाउनुपर्‍यो
नभए नखोके हुन्छ नेता भन्नेले
आवेग होइन विवेकलाई स्थान दिनुपर्‍यो ।

४१

समयबिच सिक्छ मानिस
समय नचिन्दा बिक्छ मानिस
मानिस न हो यात्री निरन्तर
अनेक योजना झिक्छ मानिस ।

४२

देख्यौ आफन्त नमिल्दा के हुन्छ
देख्यौ अरिङ्गालले चिल्दा के हुन्छ
अरिङ्गालका गोलामा ढुङ्गा होइन
हेर अब अरिङ्गाल पोल्दा के हुन्छ ?

४३

माया दिएर नै त मायाको चिनो पाएँ
प्रेम गरेकाले नै त प्रेमको गीत गाएँ
धोका हुन्न भन्ने वचन पाएर ढुक्क छु
ढुक्क भएर नै त मुस्कानले पनि अघाएँ ।

४४

जनताको मन सिलाउने काम गर
देशलाई उज्यालो दिलाउने काम गर
भ्रममा नपर है सस्ता भाषाबाजको
देशलाई सही मार्गमा डोऱ्याउने काम गर ।

४५

संसद्मा अर्काको अपमान गरेर बोल्ने
निजी निवासमा गुप्तचरसँग कुरा खोल्ने
चाहिँदैन हामीलाई त्यस्ता घातीहरू
सके त ढाँटहरूको अब पोल खोल्ने ।

४६

आफू मात्र खाने बहस छ
चुनाव जितेर जाने बहस छ
चारो छरेपछि मतदाता चुप
जनताको दैनिकी सकस छ ।

४७

समाजवादी बाटो भन्छन् शोषण गर्छन्
अवसरवादी बन्छन् झन् शोषण गर्छन्
माध्यम राजनीतिलाई बनाएर जहिल्यै
भरिएको भुँडी पनि फेरि तन्काएर भर्छन् ।

४८

तिमी जित वा हार जनता नहारुन्
जित्नेले पाँच वर्ष गुमराह नपारुन्
हामीलाई रेल वा पानीजहाज होइन
बलियोलाई काम, बिरामीको उपचार टारुन् ।

४९

व्यक्तिको विरोध होइन प्रवृत्ति हराउनु छ
संविधान बटार्नेलाई कायम गराउनु छ
महामूर्ख शासकहरूबाट होला जस्तो छैन
यसपालि युवाको उचित प्रवेश गराउनु छ ।

५०

विकास बजेटमा घोटाला छ
सग्लो व्यक्तित्व अब टाला छ
अर्थतन्त्र यति बिग्रिएको छ कि
लाखौँको सारङ्गी पेट, खपटे गाला छ ।

५१

संसद् कोषको पैसा मन्दिर नबनाऊ
वडाको बजेटले जङ्गल नखनाऊ
योजना बनाएर छलफलपछि मात्र
बल्ल टोल बन्द अनि देश बनाऊ ।

५२

हिजोको कुरा पनि सम्झ है
कसैलाई भुरा पनि नसम्झ है
सबैको अधिकार उत्तिकै हो
अर्काका क्षेत्रमा नलम्क है ।

५३

बोलीले मिठो घस्ने
मुटुमा छुरी धस्ने
कहिले रिट लिएर जाने
कहिले समर्थनमा बस्ने

५४

स्वार्थी नागिँदै जान्छ
रूढि झ्यागिँदै जान्छ
बेर लाग्दैन पर्खनुपर्छ
अहङ्कारले आफैँलाई खान्छ ।

५५

चौबिस सहकारी ठग्ने नेता भएका छन्
सत्ताका भेलसँगै बग्ने नेता भएका छन्
खुबै भाषणको दोहोरी छ हिजो आज टोलमा
विदेशीको हातमा बेच्ने देश नेता भएका छन् ।

५६

टिल परेर रक्सीले उच्चारण गऱ्यो पार्टीको
दुर्व्यवहार गरेर चेलीलाई उच्चारण गऱ्यो पार्टीको
सार्वजनिक सम्पत्तिको हिनामिनाको आरोप छ
त्यसैले त सगर्व पुनः उच्चारण गऱ्यो पार्टीको ।

५७

टोल-टोलमा नेताको नाममा त्रास छ
खै तिमी टाढा भयौ के भनौं आस छ
पिआर र ग्रिनकार्ड भन्छौ उतै बसी
केही गर्छु भन्नेलाई यता निराश छ ।

५८

खान खोज्नेले बिल मिलाउने रहेछ
खान नपाउने बौलाउने रहेछ
खान हुँदैन भन्नेहरू अल्पमतमा छन्
सहन नसकेपछि मुख चिलाउने रहेछ ।

५९

सहिदको फोटो टाँस्यो अनि भन्यो जय नेपाल
कमिसनले दिल हाँस्यो अनि भन्यो जय नेपाल
पाएन भाग अब भनिदिन सक्छ लाल सलाम
देश लुट्ने ठाउँमा पुगेर भन्यो जय नेपाल ।

६०

राज्यको ढुकुटी बाँड जनताको कुरा गरी
राष्ट्र ऋण बढाउ समृद्धिको सपना छरी
सकेको आजै गर सत्ता छँदै छ सारथि
जनतालाई लागोस् सरुवा वा भोकमरी ।

६१

कुरो दूरदराजको गरिरह्यो
ढुकुटी सदा आफ्नै भरिरह्यो
सङ्घीयताको नारा चरम भो
जनता अभावमा भरिरह्यो ।

६२

अबिर लाउनेहरूलाई हेरेँ
वीर कहलाउनेहरूलाई हेरेँ
कायापलट गर्छु भन्नेको मुहार
पुनः एक पटक केलाएर हेरेँ ।

६३

हावा चल्नु स्वाभाविक हो
रुख ढल्नु स्वाभाविक हो
उम्रन्छ बिज उम्रिरहन्छ नै
सृष्टि रोकिँदैन स्वाभाविक हो ।

६४

भित्रैदेखि छटपटी भएर आउँछ
मन पोल्छ कटकटी भएर आउँछ
जनता जति पोलियोस् यहाँ
सत्तामा उही धोती फेरेर आउँछ ।

६५

घर बेचेर चुनाव लडेको रे
थर बेचेर चुनाव लडेको रे
भन्दै थियो हिजो अस्ति मसँग
सब अनुहार पढेर चुनाव लडेको रे !

६६

भयो खानपिन, जुलुस, पैसा नै प्रमुख
टिकट तयारी दरखास्त पैसा नै प्रमुख
पद हुँदा थियो राग अचम्मको हिजो
आफ्नो राख्न नसक्नु पैसा नै प्रमुख ।

६७

जब राज्यसत्ता पैसाले बोल्छ
तब जनसत्ता विद्रोह बोल्छ
खाइदिन्छ मत किन्न दिएको धन
धन बाँड्नेलाई नै धनले पोल्छ ।

६८

गुरुयोजना थियो चुनाव अगाडि
लुटयोजना छ चुनाव पछाडि
लगानी त उठाउनै पर्‍यो क्यारे
मुखमा राम अर्कै छ पर्दा पछाडि ।

६९

फेरिन पाएको छैन समाजले
लेख्न सकेको छैन कलमले
तमाम छन् समस्या समाजमा
भुल्न सकेको छैन भोक्ताले ।

७०

पालो आउनुपर्छ जनताको
स्थापना होस् समानताको
भन्न थालेको पनि धेरै भयो
मान्छे नै हो स्वरूप विधाताको ।

७१

धर्ती बाँझो छ यहाँ
मन निरस छ यहाँ
युवा छिरे विदेश प्रायः
को भन्छ नवरस छ यहाँ ।

७२

म मेरै विरोधी हुँ
म अल्छी सिल्ली हुँ
बिर्सेर आफैँलाई म
अरूको साखिल्टी किन हुँ ।

७३

महिना मरेको छैन तलबको कुरा के गर्नु ?
कति नै हुन्छ र सुन जलपको कुरा के गर्नु ?
मान्छे आफूलाई ठान्छ महामहिम किन हो
हेर्ने नजरले आफूलाई बुझ्ने कुरा के गर्नु ?

७४

सुरक्षाको कुरा छ नबोल्
अर्काको अगाडि गोप्य नखोल्
भन्दा-भन्दै मानेनन् त के गर्नु
?
हेर त देश भयो भद्रगोल ।

आवाज दिन छोड्नुहुँदैन
अनुशासन तोड्नुहुँदैन
अर्काको पनि कुरा सुन है
सत्य खोज्न छोड्नुहुँदैन ।

७६

कोही निस्साको व्यापारमा छन्
कोही किस्साको व्यापारमा छन्
आखिर सबै गर्दा रहेछन् धन्दा
सबै हिस्साको व्यापारमा छन् ।

७७

पत्याउनेले त व्यापार पनि राजनीति पत्याउला
अत्याउनेलाई त सानै पदले पनि अत्याउला
ठुलै स्वरले बोलुन् संसद् वा सकडमा नेता
निष्ठालाई पनि पटक-पटक कमिसनले अत्याउला ।

७८

राजनीतिको नाममा व्यापार छ
हेर उनैको महिमा अपार छ
जागिर खाएर कै बन्थ्यो महल
भन्सारमा बिचौलिया वारपार छ ।

७९

दौरा सुरुवाल लाएर गयो
बसेको ठाउँबाटै सङ्क्रमित भयो
फर्कियो अनुभवी भएर कै गर्नु
अलिअलि भएको छविसमेत गयो ।

८०

मैले यसो गरैं भन्छन्
मैले उसो गरैं भन्छन्
गरेको केही देख्दैन जनता
बल्ल हारेपछि मरैं भन्छन् ।

८१

त्यसै बोलेको होइन
आगोले पोलेको होइन
जीवन कसरी जिउने हो
बाटो खोलेको होइन !

८२

गर्छु केही भनेको हो
तर्छु पारि भनेको हो
गर्दै नगरी बसेर नै
आज चिनारी मरेको हो ।

८३

हसुर्न थाले भण्डारमा पुगेर
चुठ्न पो थाले थालमा हेर
हेर्दा-हेर्दै पोसाकमै लुटे हो
लुट्यो अनुदानको त्रिपालमा हेर ।

८४

गाह्रो छ मलाई भनौँ कसरी
तगारो छ धेरै भनौँ कसरी
समस्या छ र त समाधान छ
शत्रुभन्दा मित्र धेरै भनौँ कसरी ?

८५

ठग रिसाएर केही हुँदैन
जग हँसाएर केही हुँदैन
चोर खुसी नहोउन् अब
जन रोएमा देश हुँदैन ।

८६

खान पाएका थिए
यता आएका थिए
खाने केही छैन अब
पहिल्यै थाहा पाएका थिए ।

८७

यताउता नगरेकै वेश
जेथा आफ्नो नभएकै वेश
तनाव थप्ने विषय हो धन
नेता निर्धन भएकै वेश ।

८८

शील मात्र छ मान्छेको
प्रगति छैन के गर्नु ?
जिल छ मान्छे आज
प्रगति भो के भन्नु ?

८९

फेरियो नीति
फेरिएन थिति
जितियो भने
हरायो रीति ।

९०

महाराजा महारानी
नेताको पो जिन्दगानी
श्रमिक हेर मरेको भोकै
समाजवाद राम कहानी ।

८१

केही त पक्कै हुन्छ
यात्राले उचाइ छुन्छ
हिँडि त रहनै पर्‍यो
पैताला हिसाब गुन्छ ।

८२

अहिले केही बोल्दिनँ
रहस्य केही खोल्दिनँ
देश डुब्नै लाग्दा
विलम्ब गरी टोल्दिनँ ।

८३

जनता बुझ्दैनन् नसोचेको राम्रो
दैनन्दिन जीवन नघोचेको राम्रो
विचारमा व्यवहार देखिन्छ भन्छन्
भ्रष्टले  सुरक्षा नखोजेको राम्रो ।

९४

हामी जुट्न खोज्यौँ तिमी लुट्न खोज्छौ
हामी उठ्न खोज्छौँ तिमी चुट्न खोज्छौ
जो जे भने पनि अब सचेत छौँ हामी
जतिबेलै गलतको विपक्षमा उठ्न खोज्छौँ ।

९५

हिजो उत्ताउलिएर बोल्यो सेखी झर्छ अब
राजनीति सकिन लाग्यो के व्यापार गर्छ अब ?
कति सस्तो बनाए जनता जनार्दनलाई हेर !
आफैँलाई पार लगाउन देश बिक्री गर्छ अब ।

९६

संसद् मार्नेलाई पनि जित चाहियो
अहित गर्नेलाई पनि जित चाहियो
हुँदा हुँदा संविधान निमोठ्नेलाई अब
सुनिन्छ दुईतिहाइ सुनिश्चित चाहियो ।

९७

सिद्धान्त नबेचीकन सहकार्य गरे हुन्थ्यो
जनता नढाँटीकन सहकार्य गरे हुन्थ्यो
हामीले मागेको आधारभूत अधिकार न हो
मिल्ने नाममा देश बिक्री नगरे हुन्थ्यो ।

९८

मण्डले नेता हुने बेला हो
चण्डाल व्यापारी हुने बेला हो
सबै बनाउने भन्छन् यहाँ
चोर साधु चिन्ने बेला हो ।

९९

ऊ आफ्नो आफैं राख्दैन मान
खोज्दै छ रे ! फेरि देशको सान
आउँदै छ जनताले राम्ररी चिन्ने
खडा हुने छ जीवनको नयाँ प्रतिमान ।

१००

खुब रिस उठेको छ के गर्नु ?
बनाउँछु भन्दै छ विकास के गर्नु ?
हुति भएका छैनन् धेरै यहाँ
अर्काको मगजले चल्छन् के गर्नु ?

१०१

पार्टी एउटा चुनाव चिहन अर्को
देख्दा, सुन्दा पनि लाग्छ झर्को
सबै गर्छु भन्छ भाषणवाज फेरि
जन्ती खोजे लाग्दै छन् मलामी लर्को ।

१०२

भन्ने मात्र छन् यहाँ पदमा नपुग्दासम्म
गर्न तयार छैनन् आफू नअघाउँदासम्म
विचार मार्क्स, वि.पी.को लिए पनि
सहकार्य गर्ने लक्षण छैन जनतासँग

१०३

पुलपुलु हेरिरहने मात्र
हारजित फेरिरहने मात्र
पाइन्न सुख यसरी त है
सरकार तेहेरिरहने मात्र ।

१०४

राजनीति त व्यापार भो
कस्तो उल्टो वा अपार भो
किन यस्तो भइरहेछ भनेको
नेतालाई सत्ता लिन हतार भो ।

१०५

आउनै पर्छ तिमी भन्दिनँ म
बिस्तारै नआऊ पनि भन्दिनँ म
भेट त भइहाल्ला नि पक्कै
थाहा पाउने गरी दिन गन्दिनँ म ।

१०६

हतार गरेर के गर्नु
तातै खानु जली मर्नु
वारि नै पो परियो त हँ
कसरी हो भवसागर तर्नु ?

१०७

अर्कालाई गाली गरेर नेता भइन्न है
आफैँलाई नसुधारीकन नेता भइन्न है
बोल सही कुरा ठिक समयमा बोल
आश्वासन र राग अलाप्दा नेता भइन्न है ।

१०८

आकाशको तारा झार्छु भन्नेको प्रेम टिकेन
जमिनमा पसिना बगाउनेहरूको बोली बिकेन
यो समय पनि बुझि नसक्नु बनेको छ अचेल
बोल्नुहुँदैन झुट भन्नेले नै सत्य कहिल्यै सिकेन ।

१०९

काम बिग्रेपछि छटपटी लाग्छ के गर्नु
शरीर दुखेपछि दिक्क लाग्छ के गर्नु ?
भारी भएर आउँछ हिजोआज आश्वासन
सम्झन्छु भन्नेले बिर्सिएपछि के गर्नु ?

११०

जता चहारेर पनि सजिलो छैन जिन्दगी
जिते वा हारे पनि सजिलो छैन जिन्दगी
भन्छन् नि मान्छे हार्ने छुट हुँदै छैन भन्छन्
आकाशमा खेती गरे पनि सम्पन्न छैन जिन्दगी ।

१११

समयले तथ्य फेर्दो रहेछ
यात्राले उकालो हेर्दो रहेछ
ओरालो नहिँडेकालाई त
समस्याले एकै पटक घेर्दो रहेछ ।

११२

पदमा पुग्नुलाई राजनीति भनियो
सुकिलो लाउनेलाई माननीय गनियो
सबै पदमा पुग्न बने तल्लीन यहाँ
मान्छे न बौद्धिक न समर्पित जनियो ।

११३

दिनेले बधाई नदेऊ सल्लाह देऊ
लिनेले सुझाव सम्मानपूर्वक सबैको लेऊ
आवधिक पद हो जिन्दगीमा आएको छ
सत्ताको शासन होइन सेवकको बुटी पिऊ ।

११४

धर्मको व्यापार होइन असल संस्कृति खोज
झन्डाको प्रचार होइन कुशल नेतृत्व सोच
एकोहोरिएका छन् मानिसहरू किन हो कुन्नि
अन्ध नबनी अघिपछि सधैँको कुरा सोच ।

११५

हाँसी हाँसी भिड्नेहरूलाई हेर
माटोको ऋण तिर्नेहरूलाई हेर
खानु, मलमूत्र त्याग कै हो र !
पराजयपछि फिर्नेहरूलाई हेर ।

११६

माया गर्छु तर माया लाग्छ भन्दिनँ
घृणा गर्छु कुकर्मको पूर्वाग्रही बन्दिनँ
मान्छे त मान्छे नै हो सुध्रन्छ सुधारे
मान्छेप्रति कहिल्यै विमुख बन्दिनँ ।

११७

समयले भारी बोकाउँछ राम्ररी बोक
मन उडिरहन खोज्छ कहिलेकाहीँ रोक
आत्म निरीक्षण मुख्य पाटो जीवनको
सक्ने भारी रुचिसाथ मात्र बोक ।

११८

दुःखको बेला आइया नभनौँ कसरी
पोलेको समय आत्था नभनौँ कसरी
दुख्ने र पोल्ने मात्र जीवन यात्रामा
सजिलो यात्रा हो जीवन भनौँ कसरी ?

११९

गर्नेले पक्कै भन्दैन
भन्नेले गर्दै गर्दैन
नभए देशमा कामकाज
समाजवाद किन छैन ?

१२०

समस्या आफैँमा छ खोज
लिप्सा वा त्याग एक रोज
सोचेर गर त यात्रा दुक्कले
त्योभन्दा छैन सुख र मोज ।

१२१

जमानत जफत हुने पनि चुनाव लडेकै छ
बदनाम भनिएका पनि चर्चाको शिखरमा छ
अस्तित्व कसरी खोज्ने प्रश्न यति मात्र हो
गहन सोच भएकाहरू चुपचाप बसेकै छ ।

१२२

गरेर देखाए पो धन्यवाद भन्नु
लडेर ल्याए पो धन्यवाद भन्नु
अर्काले गरेको कार्यको फल खान्छौ
यस्तालाई पनि के धन्यवाद भन्नु ?

१२३

गाजर, मुला, साग खान छोडेर यता
मान्छे पिज्जा, बर्गर खोज्दै छ उता
रोगले ग्रस्त पारेको छ सबैतिर हेर
रोग निम्त्याउने उपचार नखोज्ने नेता ।

१२४

मलाई भुल देशले भनेको छैन
देश बेच्न हामीले भनेको छैन
बेचेसरह राखी सक्यौं धरौटीमा
स्वाधीन मुलुक ! बुद्धि फिरेको छैन ।

१२५

लालुपाते हेरेर रमाउँछु म
सयपत्री फुल्नुपर्छ भन्छु म
सबै फूल फुलाऊ भन्छ माली
सबैको अस्तित्व छ यहाँ भन्छु म ।

१२६

जालझेलमा शिरोमणि बन्यौ
चाकरी गर्नेलाई मात्र गन्यौ
लाजघिन सबै पचाएपछि
आफैँलाई मात्र नेतृत्व भन्यौ ।

१२७

आशाको दीप मरेको छैन नि !
प्रयास छाडेको पक्कै होइन नि !
किन निराश हुनुपर्‍यो अहिल्यै
जीवनयात्रा रोकिएकै त छैन नि !

१२८

पाखापखेरा भासिएका छन्
रुखबिरुवा मासेका छन्
भनिरहेछन् पर्यावरण जोगाऔँ
सहरमा कृतिम हाँसो हासेका छन् ।

१२९

जीवनयात्रामा अलमल किन
घरेलु चाहियो मलमल किन ?
प्रकृति बिर्सन थाल्यौं कि कसो
चेतना भएन झलमल किन ?
१३०

जाति-जातिबिच एकता चाहिन्छ
राज्यको नीति पारदर्शी चाहिन्छ
भूगोल जहाँ परोस् जनबिचमा
गहन परिश्रम गर्ने मति चाहिन्छ ।
१३१

सत्ता क्षणिक छ धेरै नखोक
भत्ता बदमास छ धेरै नखोक
राजनीति नाममा लुट मच्चाउने
फेरि भन्छु भ्रष्ट नेता नबोक ।
१३२

आफ्नै मन मान्दैन आफैँसँग
आफ्नै तन मान्दैन आफैँसँग
जबरजस्ती डोहोरिन इसारामा
आफ्नै जन मान्दैन आफैँसँग ।

१३३

हिजो भनेको नमान्दा घात भयो
बनेका योजना नमान्दा घात भयो
आफैँले आफैँलाई बेवास्ता गरेपछि
आफ्नै नाम चम्काउन घात भयो ।

१३४

गुनासो गर्नु बेकार छ अचेल
नासो राख्नु बेकार छ अचेल
जिम्मा जमानी नबस्नु रहेछ
मन राख्नु बेकार छ अचेल ।

१३५

सिकाइ हो जिन्दगी सिक्नुपर्छ धेरै
गल्ती अन्त होइन हुन सक्छ मेरै
सोचेर यही वचन अघि बढ्न सके
समाजको सभ्य यात्रा बढ्थ्यो थोरै ।

१३६

खोज्न गए पो प्राप्त हुन्छ सूचना
बुझ्न चाहे ज्ञानलाई बढाउँछ सूचना
जे होस् सहयोगी बनेकै छन् यात्रामा
पत्रकार देऊ है सबैलाई सही सूचना ।

१३७

निरन्तर बगिरहनुपर्छ हिमनदीजस्तै
बनाएर यात्राको डोब मानौँ पुरानो उस्तै
अनेक अवरोध आउन सक्छ आफ्नैबाट
नअलमलिई हिँड्नुपर्छ अथक यात्रीजस्तै ।

१३८

हामी निरर्थक कुदिरहेछौँ कुदिरहेछौँ
निर्वाहमुखी खेतीमा हामीले भुलिरहेछौँ ।
उत्पादन घट्दो छ बढ्दो छ परनिर्भरता
सायद आफैँले आफैँ भुलिरहेछौँ ।

१३९

समय छ शक्तिशाली सदुपयोग गर
जीवनको लय हो यो समाइ अघि बढ
जे-जसरी भए पनि अघि बढ्नै पर्छ
व्यक्ति जीवन मात्र होइन गति बन्नुपर्छ ।

१४०

अर्कोलाई कमजोर नदेख सहकार्य गर
अर्कोलाई कमजोर नबनाऊ सहकार्य गर
जीवन प्रकृति हो स्वयम् प्रकृति बचाउनुपर्छ
प्राकृतिक स्रोत कहिल्यै दुरुपयोग नगर ।

१४१

तोरी  फुले पो मौरी रमाउँछ
छोरी जन्मिए पो सृष्टि जोगिन्छ
हेला होचो नगरौं सन्तानहरूलाई
चेतना जागे पो रूढिलाई भगाउँछ ।

१४२

आफैं अघिपछि गरेपछि निकास आउन्न
अर्काले देला भनेर आफ्नो भाग आउन्न
हेरिल्याउँदा त आफैंमा हुन्छ समस्या
आफैंसँग नलडी मान्छे परिचय बनाउन्न ।

१४३

गीत 'रक्तक्रान्तिको ज्वालामुखी'मा गाउँछन्
चाकरी र चाप्लुसीमा मजाले अघाउँछन्
गाइदिने वा भजिदिने कुराले अर्थ राख्दैन
सिद्धान्तमा सिपालु व्यवहारमा गनाउँछन् ।

१४४

नयाँ ढङ्गले सोच्ने कुरा ठिक छ
नयाँ पाराले गर्ने कार्य ठिक छ
परिचय आफैँले बनाउने हो पक्कै
निरन्तर लागिरहने विषय ठिक छ ।

१४५

सपना देख्न निदाउन सक्नुपर्छ
विपना भोग्न आँट गर्न सक्नुपर्छ
भावना होइन माया भन्ने विषय
माया पाउन त्याग गर्न सक्नुपर्छ ।

१४६

अलिकता आशा रहेछ जीवन
अलिकति उत्साह रहेछ जीवन
क्षतिग्रस्त दैनन्दिनभित्र पनि
सम्झनाको पल रहेछ जीवन ।

१४७

सपना देख सुतेर होइन
योजना बुन निदाएर होइन
तब न होला केही काम
अनावश्यक विवादले होइन ।

१४८

जलेर खरानी भएको मन छ
फाँडेर अलिकति बाँकी बन छ
नारा त दिने गर्छन् नेताहरू
जो आए पनि जनसेवक भन्छ ।

१४९

भद्र अवज्ञा आवश्यक छ
आफ्नै प्रतिज्ञा आवश्यक छ
बन्दैन नभनौं हामीले पनि
असल सेवक आवश्यक छ ।

१५०

बोल्नु छ थोरै
गर्नु छ धेरै
जीवन छ छोटो
सोच्नु छ धेरै ।

१५१

नेता सन्किएर बिग्रने
सन्तान फन्किएर बिग्रने
आफू कै नै गर्नु र खै !
जनसेवक रन्किएरै बिग्रने ।

१५२

नखाएको विष पनि लाग्छ
मान्छे त परैबाट पनि भाग्छ
यस्तो बन्यो राजनीति खेल
जतिसुकै बलवान् पनि थाक्छ ।

१५३

मत खरिद गर नेता बनिन्छ
मन राख्न सके नेता बनिन्छ
के गर्दा भइने हो नेता खै
नीति बनाए पो नेता बनिन्छ ।

१५४

सुरक्षा गर्ने चौकीदार बनेन
कर्म गर्ने जिम्मेवार बनेन
कसलाई आरोप लगाउनु र यहाँ
भोट कुम्ल्याउने बफदार बनेन ।

१५५

नुन खानेले बाटो बिराएको देश
गुन गर्नेको इतिहास मेटिएको देश
देश नै हो यो जस्तो भए पनि
ठगहरूले महोत्सव चलाएको देश ।

१५६

लट्टीपट्टी पार अनि नेता होऊ
सत्ताको नौनी खार नेता होऊ
धारमा बसेर हेर अनि निर्णय गर
दुवै हातले सोहोर अनि नेता होऊ ।
१५७

समय चिप्लो छ समाउन सकिएन
पैसा चिनिएन कमाउन सकिएन
अरू त यस्तै उस्तै रहेछन् विषय
आफ्नै पारामा रमाउन सकिएन ।
१५८

ठाउँमा छौ खाऊ डकार
पालो तिम्रै छ निमुखा हकार
लुटिन लाखौं तयार छन्
तिनकै नाममा सत्ता पगार ।
१५९

घर बनाउने कुरा भयो
रहर मनाउने कुरा भयो
के गर्न सकिन्छ हेरौं अब
जीवन बनाउने कुरा भयो ।

१६०

फुटेन बोली हेरियो मात्र
छुटेन दृश्य फेरियो मात्र
देखेको दिनबाट आजसम्मै
बनेन चित्र कोरियो मात्र ।

१६१

व्यवहारमा अपमानको झल्को
इतिहास बलिदानको झल्को
सङ्गति देखिँदैन कतै केही
पाउँदिनँ स्वाभिमानको झल्को ।

१६२

राजनीति र व्यापार फरक भएन
व्यापारी नेता भए सिद्धान्त चाहिएन
चुनावदेखि चुनावसम्मको दौडमा
भन्छन् पक्का थियो टिकट पाइएन ।

१६३

अवसर पाएर के भो बदल्न नसके
घर आएर के भो मनमा बस्नै नसके
नेता हुँ आफूले होइन जनले भनोस्
फटाहा कस्न र थिति बस्न नसके ।

१६४

कामना गरौँ सबै पार्टी बलियो होस्
पार्टीभित्र पनि विचार बलियो होस्
व्यक्तिको अहङ्कारले देशले दुःख पायो
ठट्टा गर्नेहरूको अब सानो क्लब होस् ।

१६५

पाएर सामान सदुपयोग भएन
जितेर सांसद जनतामा गएन
चुनाव आयो भन्छन् मान्छेहरू
न्याय गर्नेको टिकटमा नामै आएन ।

१६६

पार्टीमै दलाल बढेपछि पेले असललाई
रातीमै लालमोहर लागेपछि ठेले अरूलाई
अब कसरी मुख देखाउलान् भनेको त
हातमा पैसा लिएर फेरि ठेले असललाई ।

१६७

स्वास्थ्यमा कुलमान भएर निस्क
वास्ता जनको गर महान् भएर निस्क
फाल छ भने भित्र केही अहङ्कार
कोही त देशकै सान भएर निस्क ।

१६८

सबैको भोट लिन सक बल्ल नेता
जनताको मन जित्न सक बल्ल नेता
नेता हुँ भनेर धन्दा चलाउनेलाई
हामी मान्न त मान्छौं भ्रष्टचारी नेता ।

१६९

जन-जनमा पुग धन नबाँड
मन-मनमा चहार मन बाँड
चुनावका बेलामा ठिक्क नपार
श्रम र सिपमा पुग तन बाँड ।

१७०

केही नगरी बस्ने छुट छैन
तिमी उभिन मात्र जाने हैन
बताऊ योजना जनजनलाई
राष्ट्रघात तिम्रो कर्म पनि हैन ।

१७१

आफ्नो पेसामा तल्लीन होऊ
जनताको मन कर्मले छोऊ
राजनीति उच्चारण नगरीकनै
एउटा असल नेतृत्व होऊ ।

१७२

ज्ञान लिन बैंस चाहिन्न
नेतालाई पैसा चाहिन्न
व्यापारीको काम व्यापार हो
तर देशलाई नै बेच्न पाइन्न ।

१७३

बोलेर लाग
खुलेर लाग
यो गणतन्त्र
स्वार्थ भुलेर लाग ।

१७४

मलाई नपत्याऊ कर्म हेर
प्रशंसा नगर मर्म हेर
धेरै रोइरहेछन् नेपथ्यमा
तिनको केवल दैनिकी फेर ।

१७५

अर्कोलाई सिध्याउन बसेका छन्
आफू महान् भन्दै बसेका छन्
हेरौं अब को सकिने रहेछ
जन सचेत भई बसेका छन् ।

१७६

सक्छौ आफ्नो पीडा भुल
जनताको समस्यामा खुल
जे गर्छौ त्यति मात्र है त्यति
सक्ने गर मात्र पुग्ने बोल ।

१७७

तमासावालाहरू छन् राजनीतिमा
ब्वाँसाहरू छन् राजनीतिमा
परिणाममा खास केही देखिन्न
जनता पिल्सिएका छन् राजनीतिमा ।

१७८

बिचौलिया मौलाउनुथियो मौलाए
नेताहरू बौलाउनुथियो बौलाए
हामी बबुरो पाएको केही होइन
जनताको अधिकार सबै छेउलाए ।

१७९

कसैलाई पद नै पद हुने रहेछ
कसैलाई खपतको मौका नहुने रहेछ
पैसा हुनेले किने सबै पद प्रतिष्ठा
सिद्धान्त नबुझ्ने नेता नहुने रहेछ ।

१८०

जालझेलको अभियन्ता नेता बन्यो
के गर्थ्यो आफैं पुरिने खाडल खन्यो
सबैलाई गरेपछि अपमानपूर्ण व्यवहार
म एक्लै महान् हुँ मान मलाई भन्यो ।

१८१

कहिले संसद् विघटन गरिदिन्छ
कहिले राष्ट्रियता भन्छ भनिदिन्छ
रेल, पानीजहाज सबै पढे जनताले
अब लाग्छ स्वर्ग नै यहाँ झारिदिन्छ ।

१८२

मन छैन ठुटे नेता बन्न
सपना छ मनभित्र टन्न
बरु लेख्छु बसेर केही शब्द
सक्दिन चोरलाई नेता भन्न ।

१८३

झेली गर्नुस् हजुर जित्नुहुन्छ
पेली गर्नुस् निर्णय जित्नुहुन्छ
शक्ति छउन्जेल बुद्धि आउँदैन
पछि तपाईं पछुताउनुहुन्छ ।

१८४

कानुन मिचेर अदालत गयो
संसद् मारेर कार्यकारी भयो
बाँकी के छ र अब गर्न उसले
नेता भन्ने ऊ कसरी नेता भयो ?

१८५

झुट म पत्याउन्नँ
नियम म लत्याउन्नँ
लाग्छु आफ्नै बाटो सदा
आफैं आफूलाई अत्याउन्नँ ।

१८६

झारलाई खेती भनेर कति दिन बस्नु
यति र त्यति भनेर कति दिन बस्नु
राजनीति वा भयो मात्र व्यापार यहाँ
कसरी गृहस्थले खरानी घस्नु ।

१८७

छापामा अक्षर छाप्नेहरू पनि व्यापारी बने
पापामा विष घोल्नेहरू पनि व्यापारी बने
केही गर्छु भन्दा पनि अवसर छैन युवालाई
नेता नेता के भन्नु नेता नै ठुला व्यापारी बने ।

१८८

अस्तिसम्म त ऋण मात्र थियो
चुपचाप लाग्नु दैनन्दिन थियो
दिक्क पो लाग्न थाल्यो अचेल त
नयाँ भन्नेले पनि धोका पो दियो ।

१८९

उठाइरहनुपर्छ आवाज
जगाइरहनुपर्छ जगत्
विचारको यात्रा नचले
जीवन व्यर्थ छ फगत ।

१८०

प्रेम सापेक्ष छ
छाया सापेक्ष छ
समय परिवर्तित छ
विकास सापेक्ष छ ।

१८१

बोलेर मात्र हुँदैन
कर्मले मात्र पुग्दैन
तालमेल हो जिन्दगी
मन खोलेर मात्र हुँदैन ।

१८२

प्रश्न छ जनजीविकाको
विचार छ प्रगतिको
बाटो कति छ असजिलो
यही नै विशेषता जीवनको ।
१९३

राम्रो लागेर हुन्न
मिठो लागेर हुन्न
प्राप्तिको विषय अर्कै
माया लागेर हुन्न ।
१९४

छलकपट नगर्नु महाशय
बलजफत नगर्नु महाशय
सजिलो छैन झुक्याउन
गफ नदिनु है महाशय ।
१९५

आशा अर्काको नगर्नु
भर अर्काको नपर्नु
जीवन आफ्नै हो निजी
कर अर्कालाई नगर्नु ।

१९६

धेरै धेरै छ समस्या
धेरै धेरै छ यात्रा
लाग्छ एकपछि अर्को
जीवन त हो जात्रा ।

१९७

सपना देख तर सपना नसुनाऊ
योजना बनाऊ जन-जन सुखी तुल्याऊ
गफ दिएर हुँदैन चुनावमा अब
जनताको मतको हिसाब मिलाऊ ।

१९८

जनता लुट्न होइन राजनीति
आस्था भुट्न होइन राजनीति
अहङ्कार पोस्ने माध्यम त हुँदै होइन
निरन्तरको सेवा पो हो राजनीति ।

१९९

सोच लिएर आउनेलाई नेता मान्ने हो
जीवन उकास्न सक्नेलाई नेता मान्ने हो
निम्सरो नेपालीको जीवन उकास्न
दिनरात साथ दिनेलाई नेता मान्ने हो ।

२००

जीविकामा फरक पर्‍यो वा परेन
देशमै घरको समस्या टार्‍यौ वा टरेन
बुझेर राजनीतिको भाका अब पनि
त्यसैमा हेरौँ गणतन्त्र दर्‍यो वा दरेन ।

२०१

मलाई पनि माया छ देशको
मलाई पनि चिन्ता छ देशको
फोस्रो आश्वासन नदेऊ भो अब
सेवा गर्न पाऊँ म पनि देशको ।

२०२

पत्रकार पनि दलालीमा छन्
तथ्य होइन पक्षमा लेख्छन्
कै गाली गर्नु र अरूलाई बेकार
अवसर अहङ्कारले गुमाउँछन् ।

२०३

बोलीले फेर्छ बोल्न छोड्न हुन्न
गरेर सकिँदैन काम तर गर्न छोड्न हुन्न
राजनीति के हो ? सेवा ? कि व्यापार ?
प्रश्न उठाउन बारम्बार छोड्न हुन्न ।

२०४

निर्वाचित भएपछि बधाई पाइन्छ
प्रतिनिधि भयौ नैतिकता चाहिन्छ
कानुनले बाँधेको छ बुझ्नु तिमीले
नसोच्नु खाएपछि सजिलै पचाइन्छ ।

२०५

प्रतिनिधिलाई आफ्नो समस्या भन
सम्मान गर अहङ्कारी पनि नबन
तिम्रो जीवनमा नीतिले परिवर्तन गरे
यो हाम्रो वा त्यो अर्काको पनि नभन ।

२०६

पूर्वाग्रह पालेर गाली गरेको देख्छु
आग्रह राखेर खेदो गरेको भेट्छु
देशभित्रै बसेर उज्यालो बनाउनेलाई
बेवास्ता गरेर नै हराएको देख्छु ।

२०७

जाल हान्न पनि सिप चाहिन्छ
भेट हुन पनि त समीप चाहिन्छ
धेरै परको दुरीमा छौ तिमी
भनेको बेला कहाँ दर्शन पाइन्छ ।
२०८

अहङ्कारले कद घटाएको सम्झिन्छु
को हुन् कटुवाल भनेको सम्झिन्छु
राजतन्त्र त फालियो भन्छौं हामी
महामहिमको भद्दा सवारी सम्झिन्छु ।
२०९

केही गर्न जिम्मेवारी चाहिन्छ
त्यसका लागि तयारी चाहिन्छ
पैसा र सस्तो प्रचारले होइन
त्यसका लागि गहन गुण चाहिन्छ ।
२१०

सामन्त ढलाउने सहिद गनियो
फल फलाउने किसान मानियो
ब्याज खाने नेता मात्र छन् यहाँ
खै गणतन्त्र ! कस्तो नेता छानियो ?

२११

इतिहासबोध आवश्यक छ
राजनीति चेत आवश्यक छ
जङ्गे पिलर हराइरहने देशमा
स्वाभिमान, सचेत आवश्यक छ ।

२१२

मन्त्री को भयो समाचार सुन्नु बेकार छ
स्वास्थ्य बिमा गरियो मरुख हुनु बेकार छ
पैसा कमाउनेले जे पनि गर्न सक्छन् यहाँ
पैसा कमाउन जानेलाई नेता बनाउन बेकार छ ।

२१३

मलाई सोधेर काम गर्ने होइन शासकले
पटक पटक मेरो भोट मात्र लिने हो शासकले
के छ ? कस्तो छ सोधे पो गणतन्त्रमा त
आफ्नो रवाफ र धाक छोड्ने होइन शासकले ।

२१४

झट्ट हेर्दा त नेताजस्तै लाग्छ
कार्लमार्क्स वा वि.पी. जस्तै लाग्छ
तर्क दिन्छन् कुतर्क गर्छन् हरेक दिन
दुनो सोझ्याउँछन् आफ्नै चोरजस्तै लाग्छ ।

२१५

आफ्नै माटोमा अन्न उब्जाउनेलाई सम्मान छैन
भन्छन् नेपालीको आफ्नै गौरव मान छैन
मागेर चलाउन छाड घरखर्च अनि केही होला
कसरी बन्छन् घरबुना आज यहाँ एउटै तान छैन ।

२१६

समावेशी भन्यो न्याय भन्यो
मधेस  भन्यो महिला भन्यो
भाग लाउने र खाने मात्र हो कि
भर्खर आउनेले पनि खै सकिएन भन्यो ।

२१७

आपत् धर्म देशमा वास छ भनौं
विदेश गएकाको नै आस छ भनौं
नेतालाई जिताएर केही भएकै छैन है
गरिबजनको त यहाँ उठीवास छ भनौं ।

२१८

अर्कोकै लयमा कता कता लागियो
खै बेसुरा भै ! कता कता भागियो
देश दुनियाँ पटक्कै बुझ्न नसकेर
आफैं दिनदिनै कता कता ठगियो ।

२१९

बुझेर पनि बुझ्न नसकिने राजनीति देशको
फेद समात्यो टुप्पा कुहिन्छ खै किन यसको
नेता हुँ भन्नेले नै पार्टी फेरि फेरि हिँड्छन्
स्वादले खाने व्यवस्था मिलाउने विचार त्यसको ।

२२०

बधाई दिनुहुन्न है लुट्नेहरूलाई
हतोत्साही गर्नुहुन्न उठ्नेहरूलाई
जनता जनार्दनको मर्का बुझ्ने जन्मिएन
कुटौँ अब जनताको नाममा लुट्नेहरूलाई ।

२२१

फैसला बेलामा छैन अदालत भन्छन्
गौशालामै हत्या छ धर्मशाला भन्छन्
के भो है यस्तो देशको गतिविधि छिः !
गणकै संरक्षण छैन ती गणतन्त्र भन्छन् ।

२२२

उस्तै छौं हामी नेता सुध्रिँदैन
पिर र चिन्ताको झरी उध्रिँदैन
आशा मरेको कति भो कति
गहिरो घाउ कसै गरी पुरिँदैन ।

२२३

सन्चै छ त भने सन्चो छैन
यतै छ त भन यतै छैन
ढाट्नै पर्ने पा-यो देश दुनियाँले
पदमा पुगेपछि लवज ठिक छैन ।

२२४

मेची र कालीको गीत गायो
गीत गाएरै उसले भात खायो
पु-याइयो सत्तामा पनि उसलाई
ऊ त पुग्यो जनताले जिल खायौं ।

२२५

धर्ती आफ्नै भए पो जाँगर लाग्छ
अर्ती उपयोगी भए पो जाँगर लाग्छ
अर्काका भूमिमा गएर श्रम गर्नुपर्नेलाई
साँच्चै भनौँ देशको माया केको लाग्छ ।

२२६

म गर्छु भन्छ सत्तामै पुग्छ
मैले सोचेको छु सत्तामै पुग्छ
पुग्छ पटक पटक ऊ पुग्छ
पुगेको भोलिपल्ट जनतालाई थुक्छ ।

२२७

बाटो नबनाउन राजनीति गरे
माटो बेच्न राजनीति गरे
के के गरेनन् यहाँ नेता भन्नेले
काम नगरी खान राजनीति गरे ।

२२८

# यात्रा गर्दागर्दै ‘उत्प्रेक्षण’सम्म

**– तेजविलास**

समय गुजार्नु पनि यात्रा गर्नुजस्तै लाग्छ । पैदल नहिँडे पनि समय नै हिँडेपछि त समय परिवर्तन हुन्छ नै । सचेततापूर्वक उभिनु पनि यात्रा न हो । यताउताका दृश्यहरूले केही बोलिरहेझैं लाग्छ । घटनाक्रमले चुनौती दिँदै अगाडि बढेझैं लाग्छ । उभिने आफ्नो सामर्थ्य नभए सानो खुड्किलो पनि सगरमाथाजस्तै लाग्छ । साहित्य र चलचित्रमा सेलिब्रेटीको चर्चा भइरहँदा कान थुनौं जस्तो पनि लाग्छ । एकछिन आँसु झार्ने रुन्चे रचनाका सट्टा वीरताका गीत सुनौं जस्तो लाग्दा पनि मन भने अर्कै सोचिरहन्छ, तेरा कलमले चाहिँ केही लेख्न सक्दैन ? तँसँग अनुभव, अनुभूति वा कल्पनातत्त्व भन्ने छैन क्या ! तातो तेलको छिटाले पोले जस्तै हुन्छ ।

समयले पर्खने होइन । समयसँग दौडन पनि त सकिने कुरा भएन । मान्छे समयको दास हो यस वाक्यसँग पनि म सहमत छैन । जसरी समयक्रममा पाक्न पाक्न लागेको धानका बालाले शारदीय हावामा बयली खेल्दा सुहाउँछ त्यसै गरी समयसँग मिलेर, समयको गति बुझेर आफूलाई पनि साधनामा जोड्न पाए हुने थियो कि ! भन्ने लोभले सताइरहन्छ । बाटो एउटै भएपछि धेरै यात्री आउँदा जाँदा भेटिन्छन् । दैनन्दिनको भोगाइले मान्छे कहिले गैँडाको छालाजस्तो जब्बर बन्न पुग्छ त कहिले कोमल हत्केलामा बयरको काँढाको घोचाइ बेहोर्न पुग्छ । दुवै घटना आफैमा जीवनको लय नै हो । कुनै घटनाले चट्टानी अडानमा रहेजस्तो देखाउँछ त कुनै घटनाले क्षणिक दुखाइ पनि सहन नसक्ने ।

नाङ्गो आँखाले देखिएका प्रत्येक घटनाले त अश्रु ग्याँसले जस्तै आँखालाई भतभती पोल्छ । आफैँले दुःख बेहोर्नुपर्दा त झन् हृदयमा किन नघोचोस् । उन्मुक्त भएर सोच्न पनि त हामीलाई कहाँ समय छ र ! कृत्रिम मुस्कान र बधाई अनि हार्दिक श्रद्धाञ्जलि लेख्दैमा समय बितिहाल्छ ।

गहन चिन्तनयुक्त ग्रन्थ पढे पो दार्शनिक हुनु । मान्छे आफूलाई जे लाग्छ बोली हाल्छ त्यस्तै लागेको विषय लेखिहाल्दा साहित्य त बन्दो रहेनछ । नाप जाँच गर्न थाल्दा भावहरूको लहर हराइहाल्दो रहेछ । यो मन पनि ठुलो कराईमा भकभकी उमालेको दुधजस्तो तर नलागुन्जेल त धेरै बाफ बनेरै सकिने आखिर चिसिँदा एउटा आकार देखिन्छ, तरल भए पनि भाँडोजस्तो अनि ठोस बनेको हो भने पनि राखिएको भाँडाजस्तै । अर्थात् मान्छेको सोच पनि उसले भोगेको जीवनयात्राभित्रैबाट पलाउने रहेछ । दर्शन नबुझ्ने नै दार्शनिक बन्न पुग्छ क्यारे ! अर्काको नक्कल गरे त के मौलिकतामा बाँच्नु ! धेरैचोटि धेरै बिजुली लहर चल्छ गिदीभित्र । प्रत्येक मान्छे अर्कोसँग तुलना नगरिने प्राणी रहेछ । फलानोजस्तो भने पनि काटिकुटी त्यसको लेखनजस्तै स्वभावजस्तै वा कार्यसम्पादनजस्तै तुलना गर्न खोजे खोज्ने नै अलमलिन्छ । मनका तरङ्ग एकै ठाउँमा बसि पनि रहँदैन र मनको गहिराइ नाप्न पनि त कहाँ सकिन्छ र ! बगेको पानीले आफूमाथि टेक्नेले गरेको अपमान सम्झिरहँदैन, हिमनदीको लय ताप बढ्दा अलि फरक नै हुन्छ ।

साहित्य रचना गर्नु बहकिनु मात्र पनि त होइन । वस्तु, घटना र पात्रप्रति दृष्टि प्रक्षेपण गर्नु पनि त साहित्य नै हो । अभावहरू आवश्यक पक्ष बन्दो रहेछ लेखनमा । समाजलाई हेऱ्यो, समाजभित्र रहेको आफैँलाई हेऱ्यो रवि मिश्र, रविन सायमी, अविन श्रेष्ठजस्ता कलाकारले बनाएको कार्टुनजस्तै । सम्हाल्न खोज्यो, लय पक्रन खोज्यो, केही केही त गर्न सकिँदैन चाहेर पनि । मरेर एमसिसीको विरोध गरियो व्याख्यात्मक टिप्पणी थपेर पास हुन्छ । करोडौँ खर्च गरेर सम्पन्न गरेको निर्वाचनबाट बनेको संसद् विघटन गर्न नेता तयार हुन्छ । आफ्नै नागरिकताबारे बेखबर पत्रकार नेता बन्न हतारिएको घटना देख्दा झन् तरङ्गित तुल्याउँछ । बाटो बनाएको हो कि डोजर मालिकको रोजगारी सुरक्षित गरेको हो केही मेसो पाउँदिन । आफ्नै जीवनभित्र लयहरू विलय हुँदा अरू कसैलाई दोष दिन हतारिन्छु ।

जे होस् साहित्यको नाममा पुस्तक थप्ने रहर पनि होइन बाध्यता त झन् केही छैन । यात्रा गर्दै जाँदा के के खालको आकार प्रकारमा भावहरूको थुप्रो लाग्न थाल्यो त्यही विषय र शैलीलाई लिपिबद्ध गर्ने लोभले अलिकता कागजको नाश गर्ने पक्कापक्की भयो । कसैलाई घत परे साहित्य भन्लान् नपरे मेरो जीवनको अर्को दुःखको पसारो । 'तँ केही गर्न खोज्ने मान्छे हो' भन्ने साथीहरूको उक्साहट नै यस पुस्तक प्रकाशनको ऊर्जा हो । प्रकाशन, आवरण, निर्माता, साजसज्जा र छापाखानाका प्रिय पात्रहरूमा धन्यवादबाहेक दिने केही छैन । पाठकमा सादर भेट ।

tejkamere@gmail.com
चितवन
9851115954